# परिच्छेद एक
# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

सामाजिक अध्ययन भन्ने शब्दको उत्पति विसौं शताब्दिमा अमेरिकाबाट शुरु भएको हो । सन् १९१६ मा " Committee on the Social studies of the national education association" को गठन भएको थियो भने सन् १९२१ मा "National council for the social studies" भन्ने सामाजिक अध्ययन विषयका शिक्षकहरूको पेशागत सङ्गठनको स्थापना भएको थियो । तत्पश्चात अमेरिकामा सामाजिक अध्ययन विषयले छुटै विधागत मान्यता प्राप्त गरेको थियो । यसरी क्रमशः सामाजिक विषयले विश्वव्यापि रूपमा मान्यता पाउदै गयो ।

सामाजिक अध्ययन भनेको के हो ? यसमा के कस्ता कुराको अध्ययन गरिन्छ र कस्ता कस्ता विषयवस्तुको समावेश गरिन्छ भन्ने सर्न्दभमा विभिन्न विद्वान्हरूले आ-आफ्ना तर्क दिएका छन् । यसै सर्न्दभमा अग्रवाल भन्छन् ''सामाजिक अध्ययन व्यक्ति र उसको सामाजिक तथा भौतिक वातावरण सँग सम्वन्धित छ जसले मानव सम्बन्धको अध्ययन गर्दछ ।'' यसरी सामाजिक शिक्षाले मानविय सम्वन्धमा वढि जोड दिएको छ र समाजमा शान्ति, सहिष्णुता र सद्भाव कायम राख्न सामाजिक शिक्षाको आवश्यकता पर्दछ ।

बालबालिकामा प्रारंभिक अवस्थाबाट नै मानविय सम्बन्धको विकास गराउन सकेको खण्डमा भविष्यमा असल नागरिक निमार्ण गर्नमा सामाजिक अध्ययन विषयले महत्त्वपूर्ण भूमिका खेल्न सक्दछ । त्यसैगरी अमेरिकी शिक्षा आयोगले सामाजिक शिक्षाका आधारमा यस्तो विचार राखेको पाईन्छ :- “सामाजिक अध्ययन भन्नाले त्यसलाई बुझाउँदछ जसको प्रत्यक्ष सम्बन्ध मानव समाजको सङ्गठन, विकास तथा मानिसलाई एक सामाजिक प्राणिका रूपमा विकास गराउँदछ ।”

सामाजिक अध्ययन विषय आफैमा एक स्वतन्त्र विधा होईन । सामाजिक विज्ञानमा विभिन्न विषयवस्तु समेटिएर यसको निमार्ण गरिएको हुन्छ । त्यसकारण यस विषयका मुख्य आधार भनेकै विभिन्न सामाजिक विज्ञानका विषयहरू जस्तै इतिहास, सामाजशास्त्र, भूगोल, अर्थशास्त्र, राजनीतिकशास्त्र, सामाजिक मनोविज्ञान आदिलाई मानिन्छ । सामाजिक अध्ययन भनेको समग्रमा समाजको अध्ययन हो जसमा व्यक्तिका काम, कर्तव्य र अधिकार, मूल्य, मान्यता, उतरदायित्व, सहयोग, सम्झौता, प्रतिस्पर्धा, आर्थिक विकास, अन्तराष्ट्रिय सम्बन्ध आदिको अध्ययन गरिन्छ ।

मानिस सामाजिक प्राणी हो । समाज विना व्यक्तित्व विकासको कल्पना पनि गर्न सकिदैन । कुनै पनि व्यक्तिलाई समाजमा समायोजन हुनको लागि सामाजिक शिक्षाको ज्ञानको आवश्यक पर्दछ । सामाजिक अध्ययनमा राष्ट्रियता, परम्परा, संस्कृति, सामाजिक वातावरण, प्रजातान्त्रिक मूल्य र मान्यतासँग परिचित, भाषिक व्यवाहारमा सक्षम, वैज्ञानिक सुझबुझ भएका, सिर्जनशिल, सहयोगी, उद्यमशिल, स्वावलम्वी र सक्षम नागरिक तयार पार्नु सामाजिक शिक्षाको उद्देश्य रहेको छ ।

नेपालमा योजनाबद्ध विकासको थालनी वि.सं.२०१३ सालबाट सुरु भएको पाईन्छ भने शिक्षाको योजनाबद्ध विकास वि.सं. २०११ सालको " नेपाल राष्ट्रिय शिक्षा योजना आयोग" को गठन पश्चात भएको पाईन्छ । त्यसै गरि सामाजिक अध्ययन विषयको पठन पाठन वि.सं. १९९० साल बाट शुरु भएको एस.एल.सी. तहको पाठ्यक्रममा नै समावेश गरिएको थियो । नेपालमा प्राथमिक तहमा सामाजिक शिक्षाको अध्ययन अध्यापन गर्ने कार्य वि.सं. २०११ सालको नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको सीफारिस सँगै शुरु भएको पाईन्छ भने त्यसपछि शिक्षाका विभिन्न आयोगले यस विषयको अध्ययनमा निरन्तरता दिएको पाइन्छ । त्यसैगरी २०२८ सालमा लागू भएको "राष्ट्रिय शिक्षा पद्धतिको योजना" ले सीफारिस गरे अनुसार निम्न माध्यामिक र माध्यामिक तहमा विभिन्न सामाजिक विषयहरू जस्तै भूगोल, अर्थशास्त्र, ईतिहास नागरिकशास्त्र आदि विषयको रूपमा यो विषयको पठन पाठन भएको पाईन्छ ।

२०४६ सालमा भएको राजनीतिक परिवर्तन पश्चात २०४९ सालमा गठन भएको राष्ट्रिय शिक्षा आयोगले पनि यो विषयको अध्ययनमा निरन्तरता दिएको थियो भने २०५५ सालमा गठन भएको उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको सीफारिसमा २०५६ सालबाट सामाजिक अध्ययनको पठनपाठन अनिवार्य विषयको रूपमा विद्यालय तहमा हुदैं आएको छ ।

माध्यामिक तहको सामाजिक अध्ययनको पाठ्यक्रमले बालबालिकालाई उनिहरूको सामाजिक र भौतिक वातावरणसँग सम्बद्ध विषयबस्तु प्रतिको ज्ञान, सीप र अभिवृतिमा विकास गराई एउटा उत्पादनशील र सक्रिय नागरिकको विकास गराउने विषयगत उद्देश्य राखेको पाइन्छ भने प्राथमिक र निम्नमाध्यमिक तहमा यो विषय अध्ययन गराउनुका विभिन्न उद्देश्यहरू रहेका छन् । त्यसै गरी, राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ को अनुसार विद्यालय तहलाई आधारभूत तह र माध्यामिक तह गरी २ तहमा विभाजन गरिएको छ र दुवै तहमा सामाजिक अध्ययन विषयलाई अनिवार्य विषयको रूपमा समावेश गरिएको छ ।

माध्यामिक तहमा यस विषयको पूर्णाङ्क र पाठ्यभार साधारण तर्फ १०० र ५, संस्कृत तर्फ १००, ४ र वेदविद्याश्रम तर्फ १०० र ५ रहेको छ (अधिकारी, २०६४) । यस विषयमा ९ वटा एकाइहरू विभिन्न सामाजिक विज्ञानका विषयहरू जस्तै भूगोल, ईतिकास, अर्थशास्त्र, समाजशास्त्र, राजनितिशास्त्र जस्ता विषयलाई एकिकरण गरी पाठ्यक्रम तयार गरिएको छ ।

### १.१.१ लिङ्ग र पाठ्यपुस्तक

व्यक्तिमा रहेको मौलिक विभिन्नताका आधारमा जव महिला र पुरुष भनेर छुट्याईन्छ, यो नै लिङ्ग हो (दुङ्गाना, २०६६ : १३) । सामाजिक मूल्यमान्यता ,धर्म र संस्कृतिका आधारका समाजमा महिला र पुरुषले छुट्टा छुटै ढंगबाट निर्वाह गर्ने भूमिकालाई सामाजिक लिङ्ग भनिन्छ । लैङ्गिक भिन्नताको कुरा गर्दा समाजले महिला र पुरुषलाई कस्तो प्रकारको भूमिका, अधिकार स्रोत साधन दिन्छ ? उनिहरूमा कस्तो किसिमको व्यवहार तथा मानसिकता विकास गर्न सिकाउँछ ? यी विषयहरू हेरिनुपर्दछ । लैङ्गिक समानाताले समाजमा शिक्षा, स्वास्थ्य, रोजगार, आय तथा विज्ञान र प्रविधिका पक्षमा असमान पंहुच रहेकाले त्यसलाई हटाउनु पर्दछ र परम्परादेखि रहदै आएको लैङ्गिक सम्बन्ध व्यवहार र भूमिकामा परिवर्तन गरि महिला र पुरुष बीच समान किसिमको अधिकार, पहुँचहुनु पर्दछ भन्ने मान्यता राख्दछ । लैङ्गिक समानताले सामाजिक न्यायलाई जोड दिन्छ । जवसम्म सामाजिक, सांस्कृतिक तथा मनोवैज्ञानिक रूपमा महिलाहरूले कार्य गर्ने वातावरण पाउँदैनन् र उनिहरूको अवस्था अनुरूप अवसर दिईदैन तवसम्म उनीहरूले समान अधिकार दिएर पनि समान किसिमले उपभोग र परिचालन गर्न सक्दैनन् । त्यसैले यस्ता अवसरहरूको सदुपयोग गर्न उनिहरूको क्षमतामा सशक्तिकरण गरिनुपर्दछ भन्ने मान्यता यसले राख्दछ ।

लैङ्गिक समानता आजको आवश्यकता हो । लैङ्गिक समानताले कुनै पनि व्यक्तिले अरुले भन्दा पहुच, स्रोत, फाईदाहरू तथा मानवअधिकारमा समानताका हिसावमा कमी हुन नहुने विचार राख्दछ । त्यस कारण महिला र पुरुषको स्रोत तथा फाईदाहरू राजनितिक संलग्नता र निर्णय निर्माण, लाभप्रद रोजगारी आदिमा पहुँच र नियन्त्रण माथि समान अधिकार रहन्छ । लैङ्गिक समानता महिला र पुरुष वीचको समानताको अवस्था हो । भूमिकाको विकास र खोजी गर्न पाउने स्वतन्त्रता महिलाको अधिकार हो । जहाँ महिला र पुरुषका फरक फरक व्यवाहार, आकांक्षा र आवश्यकताहरूलाई समान रूपमा मूल्यमान्यता र रोजाई प्रदान गरिन्छ । यसले महिला र पुरुष एकै हुनु पर्दछ भन्ने अर्थ नदिएर तिनीहरू बीच अधिकार, उत्तरदायित्व र अवसरहरूमा बिभेद गरिनु हुदैन भन्ने मान्यता अगाडी सार्दछ । समानताले महिलाको भूमिका र जिम्मेवारीलाई समान मूल्य दिन्छ, जसबाट लैङ्गिक पूर्वधारणा र पूर्वाग्रहका अड्चनहरू तोडिन्छ । फलस्वरूप दुवै लिङ्गीहरू समाजभित्र आर्थिक, सामाजिक, सांस्कृतिक, राजनैतिक रूपमा योगदान दिन र फाईदा पाउन समान रूपमा सक्षम हुन्छन । पौडेल (२०६०) अनुासर विश्वका सवै समाजमा यस यसप्रकार विभाजन गरिएको लैङ्गिक भूमिकामा एकरूपता पाईदैन । विभिन्न सामाजशास्त्रीहरूको भनाई अनुसार पितृसतात्मक धारणा हरेक समाज, संस्कृति र समूदायमा बेग्ला बेग्लै ढाँचामा पाइन्छन् । समाजशास्त्री ‘मारिमामिस’ भन्नु हुन्छ “पितृसतात्मक समाजमा पुरुषको प्रभूत्व महिला माथि हुन्छ ।”

साधारणतया पाठ्यपुस्तक भन्नाले पाठ्क्रममा निर्दिष्ट गरिएका उद्देश्यहरू पुरा गर्नको लागि प्रयोगमा ल्याईने शिक्षण सामाग्री हो । यसर्थ पाठ्यपुस्तक विषयवस्तु सम्वन्धि तत्थ्यको सङ्ग्रह हो अर्थात् कुनै खास कक्षा वा लक्षित समूहका लागि पाठ्यक्रमले निर्दिष्टि गरेका उद्देश्यहरू एवम् पाठ्यवस्तुहरू र तिनको क्षेत्र र क्रम तथा व्यापकता र गहिराई अनुरूप उपयोगी एवम्, सान्दर्भिक ज्ञान, सीप तथा अनुभवहरू प्रदान गर्न कुनै व्यक्ति वा संस्थाको सामूहिक प्रयासबाट पाठ्यक्रमको आधारमा तयार पारिएको पाठ्यसामाग्रीलाई पाठ्यपुस्तक भनिन्छ । शिक्षण सिकाई प्रकृयामा सरलता एवम् सहजता होस् भन्ने उद्देश्यबाट पाठ्पुस्तक निमार्ण गरिएको हुन्छ ।

पाठ्यपुस्तक वृहत भौगोलिक क्षेत्रभित्र समेत लागू गरिने हुँदा शिक्षण सिकाई प्रकृयामा एकरूपता, निरन्तरता र समान स्तर कायम गर्न शिक्षकहरूलाई प्रभावकारी शिक्षणमा मार्ग निर्देशन गर्न, लक्षित समूहलाई वैद्य एवम् प्रमाणिक ज्ञान प्रदान गर्न, विद्यार्थीमा स्वअध्ययनको बानी वसाल्न सस्तो र सुलभ ढंगबाट नागरिकहरूलाई ज्ञान एवम् अनुभव प्रदान गर्न, सम्वन्धित विषयको ज्ञान एवम् धारणालाई सिकारु समक्ष सरल ढंगले प्रस्तुत गर्न, आवश्यकता अनुसार सिकाई प्रक्रिया शैक्षिक सामाग्री तथा मूल्याङ्कन विधिको प्रयोग गर्न विद्यार्थीहरूलाई विषयवस्तुको सङ्गठित ज्ञान प्रदान गर्न पाठ्यपुस्तकको प्रयोग गरिन्छ । अझै विकाशसील देशमा पाठ्यपुस्तकलाई नै पाठ्यक्रमको रूपमा मान्नुपर्ने अवस्थामा शैक्षिक प्रणालीमा पाठ्यपुस्तक नै अति आवश्यक मुख्य पाठ्यसामाग्री हो भन्न सकिन्छ । के पढाउने, किन पढाउने, कति पढाउने, कसरी पढाउने, कुन कुन शैक्षिक सामग्री प्रयोग गर्ने भन्ने सम्बन्धमा उत्पन्न हुने दुविधाहरू कम गरी सिकारुहरूलाई वैद्य एवम् प्राथमिक तथा विश्वसनीय ज्ञान प्रदान गर्न पाठ्यपुस्तकको प्रयोग महत्त्वपूर्ण सिद्ध हुन्छ ।

यसर्थ विद्यालय पनि समाजको एउटा सुक्ष्म रूप हो । समाजकै लागि विद्यालय स्थापना गरिएको हुन्छ । समाजमा जे हुन्छ, विद्यालयमा पनि त्यसको प्रतिविम्व देखापर्दछ । जसले समाजमा एक किसिमको संस्कारको विकास गरिरहेको हुन्छ । विद्यालयमा विद्यार्थीहरूलाई पढाउनकोलागि तयार गरिएको पाठ्यपुस्तक तथा तिनमा समावेश गरिएका सामाग्रीहरूले पनि समाजको प्रतिनिधित्व गरिरहेको हुन्छ । समाजको प्रतिविम्ब तिनमा देख्न सकिन्छ । उदाहरणको लागि कुनै चित्रमा पुरुष मान्छे मातेर हिडिरहेको छ, महिला भान्छामा खाना बनाइरहेकी छन्, छोरो विद्यालय जादैछ तर छोरी कुचो लगाउँदै छिन भने त्यस चित्रले पनि एउटा सामाजिक संरचना र भूमिकाको प्रतिविम्व देखाईरहेको हुन्छ । समाजमा भएको लैङ्गिक समानता/विभेद के भईरहेको छ, त्यसलाई देखाउदछ । यसरी पाठ्यपुस्तहरूमा जस्ताप्रकारका विषयवस्तुहरू समावेश गरिएको हुन्छ, विद्यार्थीहरूमा पनि त्यस्तै किसिमको ज्ञान सीप, र धारणाको विकास हुने गर्दछ । तसर्थ विद्यार्थीहरूमा सकारात्मक ज्ञान, सीप र धारणको विकास गर्न पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माताले बिशेष ध्यान दिनुपर्दछ ।

वर्तमान समयमा कुनै पनि विषयले लैङ्गिक समावेशी क्रियाकलाप, ऐतिहांसिक क्रियाकलाप आदिलाई प्रतिनिधित्व गर्ने गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक निमार्ण गरिनु पर्दछ भन्ने भावना उठिरहेको पाईन्छ । सामाजिक अध्ययन विषय पनि विशेषगरी समाजसँगै सम्वन्धित हुने भएको हुदा समाज परिर्वतनको संवाहक मानिने पाठ्यसामग्रीले लैङ्गिक रूपमा के कति मात्रामा समानताको व्यवहार गर्दछ भन्ने विषयमा लेखकद्वय श्री रामप्रसाद उपाध्याय र क्रिस्टन स्टोनलद्वारा २०५६ मा कक्षा ९ को र लेखक त्रय रामप्रसाद उपाध्याय, नारायणप्रसाद शर्मा र क्रिस्टन स्टोनद्वारा २०५७ मा नेपाली भाषामा लेखिएका सामाजिक अध्ययन विषयको पाठ्यक्रममा अध्ययन केन्द्रित रहेको थियो ।

## १.२ समस्याको कथन

हालको परिप्रेक्षमा समान वा विभेदरहित वातावरण सिर्जना गर्नको लागि विभिन्न क्षेत्र बाट प्रयासहरू भईरहेको पाईन्छ । यस सन्दर्भमा माध्यामिक तहको सामाजिक अध्ययन पाठ्यपुस्तकमा पनि लैङ्गिक विभेद के कस्तो रूपमा छ या छैन भनी अध्ययन गर्नु सान्दर्भिक भएको हुदा यस अध्ययनमा लैङ्गिक दृष्टिकोण बाट माध्यामिक तहको सामाजिक अध्ययन पाठ्यपुस्तक विश्लेषणलाई समस्याको रूपमा लिईएको छ साथै यस अध्ययनले निम्न प्रश्नहरूको खोजी गरेको थियो -

- सामाजिक विषय अध्यापन गराउने शिक्षकहरूको लैङ्गिक दृष्टिकोणबाट उक्त पाठ्यपुस्तक प्रतिको भनाई कस्तो छ ?
- मा.वि. तहमा अध्ययन गर्ने विद्यार्थीहरूको लैङ्गिक दृष्टिकोणबाट उक्त पाठ्यपुस्तक प्रतिको भनाई कस्तो छ ?
- सामाजिक विषयसँग सम्बन्धित विज्ञहरूको लैङ्गिक दृष्टिकोणबाट उक्त पाठ्यपुस्तक प्रतिको भनाई कस्तो छ ?
- पाठ्यपुस्तकमा समावेश भएका चित्र, विषयवस्तु, संवाद आदिले महिला र पुरुष व्यवहारलाई समान रूपमा समावेश गरेका छन् ?

## १.३ अध्ययनको औचित्य

नेपाल सरकारले 'सबैका लागि शिक्षा' भन्ने नाराका साथ शिक्षामा सम्पूर्ण बालबालिकाको पहुँच पु¥याउने प्रतिबद्धता जाहेर गरेको छ । साथै शिक्षाको गुणस्तर सुधारको लागि धेरै वर्ष अगाडिबाट शिक्षा क्षेत्रमा धैरै ठुलो लगानी गर्दै आएको छ । नेपाल सरकारले शिक्षा क्षेत्रमा धेरै ठुलो जोड दिइरहेको छ । यसवाट माध्यमिक शिक्षामा विद्यार्थी भर्ना दर अत्याधिक मात्रामा बढ्दो छ । प्राथमिक तहदेखि माध्यमिक तहसम्म निःशुल्क शिक्षाको व्यवस्था गरेको छ । फलस्वप सरकारले निकै ठुलो मात्रामा देशको ढुकुटी माध्यामिक शिक्षाको निमित्त खर्च गर्नु परेको छ तर विभिन्न कारणले शिक्षा क्षेत्रमा आशा गरिए अनुसार सुधार र प्रगति हुन

सकिरहेको छैन । शैक्षिक क्षेत्रमा सुधार नहुनु र अपेक्षित लक्ष्य पुरा नहुनुका विभिन्न कारण मध्ये लैङ्गिक विभेद पनि एक महत्त्वपूर्ण कारण हो ।

शैक्षिक सामग्रीको महत्त्वपूर्ण पक्षको रूपमा रहेको माध्यामिक तहको सामाजिक अध्ययन पाठ्यपुस्तकले लैङ्गिक समानता कायम गर्न के कति सहयोग पुऱ्याएको छ ? कतै पाठ्यपुस्तकबाट नै लैङ्गिक विभेद भएको त छैन ? यस विषयमा विभिन्न अध्ययन मार्फत यर्थाथ पहिचान गरी समयमै पहल नगरिएमा शिक्षा मार्फत लैङ्गिक विभेद हटाउने राज्यको प्रयास व्यर्थ हुन सक्ने र यसले भविष्यमा अझ विकराल रूप लिन सक्ने कुरामा कुनै सन्देह छैन । तसर्थ माध्यामिकतहको सामाजिक विषयको पाठ्यक्रम र पाठ्यपुस्तकलाई वैज्ञानिक, सुदृढ एवम् व्यवस्थित बनाउन यस अध्ययनको प्राप्ति एवम् निष्कर्षको अध्ययन गरिएमा यसबाट निम्न पक्षहरूलाई फाइदा पुग्नजाने विश्वास लिइएको छ :

- मा.वि तहको सामाजिक विषयको पाठ्यक्रमले निर्धारण गरेको विषयवस्तु पाठ्यपुस्तकले समेटेको वा नसमेटेको निश्चत गर्न मद्दत पुग्नेछ ।
- लैङ्गिक असमानता भएमा पहिचान गरी न्यून गर्न सहयोगी हुनेछ ।
- पाठ्यपुस्तक शिक्षण गर्ने शिक्षक स्वयम्लाई पनि आफ्नो शिक्षण गर्ने विषयवस्तुमा लैङ्गिकताको बारेमा के कति मात्रामा गम्भीर हुन जरुरी छ भन्ने कुराको जानकारी लिन मद्धत गर्नेछ ।
- यस विषयमा अझ गहन अध्ययन गर्न चाहने अन्य अनुसन्धानकर्ताहरूलाई आधार बन्नेछ ।
- यस अध्ययनसँग सम्बन्धित सरोकारवाल संघसंस्था एवम् चासो राख्ने सम्पूर्णलाई जिज्ञाषा मेटाउने साधन बन्नेछ ।
- यस अध्ययनबाट देशकै सम्पुर्ण विद्यालयको पाठ्यपुस्तकमा रहेको लैङ्गिक समानता तथा विभेदको केहि हदसम्म प्रतिनिधत्व गर्न सक्ने हुनाले पाठ्यक्रम/पाठ्यपुस्तक निर्माणकर्ताका लागि समेत सहयोगी हुने अपेक्षा गर्न सकिन्छ ।

## १.४ अध्ययनको उद्देश्य

कुनै पनि अध्ययन अनुसन्धान गर्नको लागि उद्देश्यहरूको निर्धारण गरिन्छ । निर्धारित उद्देश्यहरू अनुरूप नै अध्ययन अनुसन्धान गर्ने काम गरिन्छ । प्रत्येक शीर्षकको अध्ययन अनुसन्धान गर्ने उद्देश्यहरू अलग अलग हुन्छन् । यस अध्ययनको उद्देश्य देहाय बमोजिम राखिएको थियो :

क) मा. वि. तहको सामाजिक अध्ययन पाठ्यपुस्तकमा भएका विभिन्न पक्षहरूको लैङ्गिक अवस्था पहिचान गर्नु ।

## १.५ अध्ययनको परिसीमा

यस अध्ययनलाई व्यापक रूपमा अध्ययन गरी सुझाव प्रस्तुत गर्नु आवश्यक भएता पनि साधन, स्रोत र समयको अभावले गर्दा अध्ययन कार्यलाई छिटो, छरितो र सरल रूपमा समयमै सम्पन्न गर्नको लागि निम्न लिखित सीमाहरू निर्धारण गरिएको थियो ।

- यस अध्ययनलाई का.म.पा. मा रहेका विभिन्न सार्वजनिक विद्यालयहरू मध्ये २ वटा विद्यालयमा मात्र सीमित गरिएको थियो ।
- यो अध्ययनले छनोटमा परेका शिक्षक, विद्यार्थी र विज्ञहरूको विचारलाई समेटेको थियो ।
- यो अध्ययन सामीजक लिङ्गमा मात्र सीमित गरिएको थियो ।
- यो अध्ययन लेखकहरू श्री रामप्रसाद उपाध्याय, नारायणप्रसाद शर्मा र क्रिस्टिन स्टोनद्वारा नेपाली भाषामा लेखिएको र पा.वि.के. द्वारा कक्षा ९ को २०६४ मा र कक्षा १० को २०६६ मा प्रकाशित सामाजिक अध्ययन पाठ्यपुस्तकमा मात्र सीमिति गरिएको थियो ।
- लैङ्गिक दृष्टिकोण बाट हेर्दा निम्नानुसारका सुचाङ्कद्वारा हेरिएको थियो ।

| | |
|---|---|
| (क) चित्र | (ख विषयवस्तु |
| (ग) संवाद | (घ) अभ्यास |

## १.६ शब्दावलीहरूको परिभाषा

लैङ्गिक दृष्टिकोण : स्त्री पुरुषसम्बन्धी, लिङ्गसम्बन्धी वा लैङ्गिक समानता वा भेद्भावसम्बन्धी व्यक्तिहरूको सोचाई, दृष्टिकोण, अभिवृत्ति आदि । जस्तै :- समाजमा उसले आफ्नो दृष्टिकोण बतायो ।

लैङ्गिक समानता : महिला र पुरुषहरू समान हुँदाको अवस्था, बराबरको स्थिति । जस्तै :- आर्थिक समानता, वर्गीय समानता ।

लैङ्गिक भिन्नता : महिला र पुरुषमा पाईने अलग विशेषता, फरक, अन्तर, पृथकता । जस्तै :- महिलाले फरिया र चौवन्दी लगाउनु, पुरुषले दौरा सुरुवाल लगाउनु ।

लैङ्गिक विभेद : महिला र पुरुषमा देखापर्ने आपसी भिन्नता, फरक । जस्तै :- महिला र पुरुषबीच अचेल विभेद बढेको छ ।

सामाजिक लिङ्ग : समाजमा हुने, समाजमा पाइने अर्थात् समाजमा आधारित भएर कुनै व्यक्तिको महिला तथा पुरुष प्रति हुने अनुभूति हो । महिला र पुरुषहरूको हाउभाउ, व्यक्तित्व तथा लैङ्गिक प्रस्तुती पनि सामाजिक लिङ्गअनुसार फरक हुन्छ ।

| | | |
|---|---|---|
| प्राकृतिक लिङ्ग | : | प्राकृतिक लिङ्ग व्यक्तिको यौन अङ्ग अनुसार छुट्टिन्छ । पुरुष लिङ्ग, स्त्री लिङ्ग । |
| चित्र | : | लेखेर, कोरेर वा खिचेर बनाइएको कुनै वस्तुको रूप वा आकृति, तस्विर, फोटो । जस्तै :- उसले हिमालको चित्र बनायो । |
| विषयवस्तु | : | कुनै छलफल, अध्ययन, लेख रचना आदिका लागि निश्चित गरिएको कुरो, विषय, शीर्षक वा कथा, कविता, लेख आदिमा चर्चा गरिएको मुख्य विषय घटना । जस्तै :- कथाको विषयवस्तु, कविताको विषयवस्तु आदि । |
| संवाद | : | खास विषयबारे दुई वा दुईभन्दा बढी व्यक्तिहरूका बीच हुने आपसी प्रश्नोत्तर वा कुराकानी, भेटवार्ता, वार्ता, सन्देशको आदानप्रदान । जस्तै :- प्रधानमन्त्री र पत्रकारबीच संवाद भएको छ । |
| अभ्यास | : | सिक्नका लागि पुनरावृत्ति गर्न दिईएको कार्य वा कुनै व्यवहार या सीपलाई निरन्तर दोहोऱ्याएर सिक्ने काम, आवृत्ति, पुनरावृत्ति । जस्तै :- पाठको अन्त्यमा दिईएका गणितका अभ्यासहरू गर । |
| का.म.पा. | : | काठमाडौं महानगरपालिका । |
| पा.वि.के. | : | पाठ्यक्रम विकास केन्द्र । |

## परिच्छेद दुई
## सम्बन्धित साहित्यको पुनरावलोकन

लैङ्गिक विभेद सम्बन्धमा विभिन्न अध्ययन कार्यहरू भइरहेका छन् । पूर्व अध्ययन कार्यको समिक्षा गर्नाले वर्तमान अध्ययन कुन विन्दुसम्म पुगेको छ भन्ने जानकारी मिल्न गई थप अध्ययन कार्यलाई अगाडी बढाउन मार्गदर्शन मिल्दछ । त्यसैले माध्यमिक तहको सामाजिक अध्ययन पाठ्यपुस्तकमा लैङ्गिक अवस्था पत्ता लगाउन यस अध्ययन सँग केहि हदसम्म मेल खाने र सहयोग पुऱ्याउने केहि पूर्व साहित्यको समिक्षा निम्नानुसार गरिएको थियो ।

### २.१ सैद्धान्तिक साहित्यको समीक्षा

समाजशास्त्री Kamala Bhasin, Education for Women Empowerment मा लेख्छिन्

"समाजमा विद्यमान पितृसत्तानै सामाजिक लैङ्गिक भेदभावको कारण हो । पितृसत्ता त्यस्तो प्रणाली हो, जहाँ अनेक वहानामा महिलालाई वन्देजमा पारिन्छ ।" यस भनाइले महिलाहरू प्रति समाजमा भेदभाव र अन्याय छ र त्यसमा प्रमुख कारण पितृसत्ता हो भन्ने कुरालाई जोड दिएको छ (सामाजिक न्याय शिक्षा, २०६४) ।

समाजवादी नारीवादले महिलाहरू कम स्तरमा रहनुमा वर्गमा आधारित पूँजीवादी पद्धति र त्यहाँका पारिवारिक संरचनाको परिणाम हो भन्छ । पूँजीवादमा पूँजीलाई बढी महत्त्व दिईन्छ । जसमा महिलाको पहुँच हुदैन, आर्थिक हिसावले महिलाहरू पुर्ण रूपमा पुरुषमाथि निर्भर रहन्छन् तसर्थ आर्थिक सुरक्षा गुम्ने डरले चुपचाप वस्न थाल्छन् (पौडेल २०६०) ।

भौतिकवादी दार्शनिक Angles को सिद्धान्त अनुसार पनि पूँजीलाई महत्त्व दिँदा परिवारको स्थापना र कामको बाँडफाँड गरिन्छ र त्यो बाँडफाँड महिला प्रति भेदभावपूर्ण छ (सा. न्या. शि. २०६४) । त्यस्तै लिङ्गकै आधारमा महिलाहरूलाई अधिकार वा अवसरबाट वञ्चित गर्न पाइदैन भन्ने तर्कमा आधारित उदारवादी नारीवादले महिला र पुरुषलाई समान स्थानमा राख्दछ (ऐ .ऐ ) ।

Plumwood (1993) ले Equality लाई २ वटा नमुनामा आधारित रहेर व्याख्या गरेका छन् । जस अन्तर्गत (I) Model का रूपमा 'The Feminism of uncritical equality' रहेको छ अर्थात महिलाहरू पुरुषवादी ढाँचा अन्तर्गतको ढाँचाको संस्कृतिमा आधारित हुन्छन् । यसले लैङ्गिक सन्तुलनलाई प्रतिनिधित्व गर्दछ । यद्यपि यसलाई liberalfeminism संग सम्बन्धित भन्न सकिन्छ ।

Second model जहाँ 'The feminism of uncritical reversal' रहेको छ । जहाँ female हरूको स्थान उच्च हुन्छ । मातृत्वको संस्कृतिलाई केन्द्रित गर्दछ ।

लुइँटेल (१९९७), शिक्षामा समान अवसर कसरी ? भन्ने लेखमा समाजमा लैङ्गिक भेदभाव छ, लैङ्गिक भेदभावकै कारण महिलाको भूमिका, जिम्मेवारी, अधिकार र कर्तव्य फरक छ । सामाजिक आर्थिक क्षेत्रमा पछि छन् भन्ने कुरा उल्लेख गरेकी छन् ।

माथि उल्लेखित सिद्धान्त तथा विचारहरूलाई महिलाको उपलब्धिमूलक कार्य, महिलालाई सामाजिक न्यायिक उपचार र महिलाहरूका स्थितिको स्वरूपलाई उकास्न उक्त पाठ्यपुस्तकहरूले कोशिस गरेका छन् की छैनन् ? भन्ने कुरालाई अध्ययनको आधार बनाई हेर्ने प्रयास गरिएको थियो ।

### २.२ नीतिगत साहित्यको समीक्षा

सहस्राब्दी विकास लक्ष्यमा लैङ्गिक समानता र महिला सशक्तिकरण अन्तर्गत सकेसम्म सन् २००५ सम्म प्राथमिक तथा माध्यमिक शिक्षा बाट र सन् २०१५ सम्ममा शिक्षाका सबै तहबाट लैङ्गिक विभेद उन्मुलन गर्ने लक्ष्य एवम् उद्देश्य तोकीएको छ जसअन्तर्गत तल केहि मुख्य रणनीतिहरू छन् (शिक्षा विभाग, २००७, पृ. १०) ।

**मुख्य रणनीतिहरू**

(क) समन्वय र साझेदारी
(ख) उत्साहा र सहयोग
(ग) विद्यालयको भौतिक अवस्थाको सुधार
(घ) विशेष आवश्यक्ता युक्त शिक्षा
(ङ) शिक्षामा लैङ्गिक मूल प्रवाह

(च) समुदायको परिचालन
(छ) महिला शिक्षिकाको वृद्धि
(ज) बौद्धिकता निर्माण तथा जीवनस्तरमा विकास
(झ) परामर्श सेवा
(ञ) महिला सहभागिता
(ट) वकालत
(ठ) अनुगमन
(ड) आर्थिक पक्षको व्यवस्थापन

यसै गरी राष्ट्रिय शिक्षा आयोग (२०४९) ले सुझावको रूपमा प्राथमिक शिक्षा मातृभाषामा दिन सकिने व्यवस्था, चार तहको उच्च शिक्षा, संस्कृत उच्च माध्यमिक शिक्षाको छुट्टै व्यवस्था आदिका साथै 'सबै तहका शिक्षामा महिलालाई प्राथमिकता दिनुपर्ने' भन्ने कुरा उल्लेख गरेको छ (नेपाल शिक्षा आयोगका प्रतिवेदनहरू, २०६६) ।
माथि उल्लेखित नीतिगत पक्षहरूलाई पनि आधार बनाई अनुसन्धान गरिएको थियो ।

## २.३ प्रयोगात्मक साहित्यको समीक्षा

सन् १९७६ मा " The position of women in school Textbook " भन्ने एउटा अध्ययनमा Maharastra State Bureau of textbook production and Curriculum research ले गरेको अनुसन्धानमा महाराष्ट्रको मराठी भाषाको पाठ्यपुस्तक १ देखि १० कक्षा सम्मको पाठ्यपुस्तकमा महिला तथा पुरुषको प्रतिनिधित्वको स्वरूपलाई विषयवस्तु बनाई विश्लेषण गरिएको थियो । विश्लेषण विभिन्न आठ पक्षमा गरिएको थियो । ति हुन् पात्रहरूको वर्णन, दिईएको चित्र, पौराणिक विषयवस्तु, चरित्र, सृजनात्मक क्रियाकलाप, व्यवसाहिक भूमिका, लेखकीयपन र त्यो पाठमा महिला पात्र र पुरुष पात्रले गर्ने भूमिका आदि । यस अध्ययनले पुरुषहरूलाई विभिन्न ढाँचामा प्रस्तुत गरिएको छ भने अर्कोतिर महिलाहरूलाई साघुरो घेराभित्र सिमित राखिएको तथा गृहिणी जस्तो विशेष भूमिकाको रूपमा देखाइएको निष्कर्ष निकालिएको थियो ।

त्यसैगरी सन् १९८७ मा Dr. Rastogi द्वारा सञ्चालित गरिएको १ देखि ५ कक्षा सम्मको महेन्द्रमालाको मूल्याङकनलाई नेपालको पाठयपुस्तकमा भएको मूल्याङकनको उल्लेखनिय रूपमा लिन सकिन्छ । यो अध्ययनमा महेन्द्रमाला पाठयपुस्तकमा महिलाको प्रतिनिधित्वलाई मूल्याङकनको आधार बनाएको थियो । विषयवस्तुलाई विश्लेषण गर्ने क्रममा कक्षा १ को पाठ्यपुस्तकमा समावेश भाषागत अभ्यासलाई प्रस्तुत गरिएको साथै पाठ्यसामग्रीमा महिलासम्बन्धी सन्दर्भहरू प्रस्तुत नगरिएको भन्ने विवरण अध्ययनको निष्कर्षमा थियो ।


सेडकर र उनका साथिहरू (१९९१) का अनुसार कक्षामा मापन वा तारवारको काम छ भने केटालाई अह्राउने, Cooking तथा सरसफाइको काम केटीलाई अह्राउने गरी segregation (छुट्याउने) गर्दछन् । समस्या समाधानका लागि पनि केटीहरूको तुलनामा केटाहरूले विस्तृत रूपमा निर्देशन दिएको पाइयो । उनकै अनुसार केटाहरूलाई केटीहरूको तुलनामा आठगुण बढी निर्देशन दिएको पाईयो । (Sara Delmont 1991 : 81 उदृत ढकाल, २०६१ : ५३)।

लक्षित समूहबाट प्राप्त विचारहरूलाई थापा (२००७) ले आफ्नो शोध पत्रमा यसरी उल्लेख गरेको पाईन्छ । छात्राहरूले आफ्नो बस्ने सिटको व्यवस्था आफै गर्ने गरेका छन् । कक्षाकोठामा छात्रा सँग छात्रहरू बस्न चाहादैनन् । हामीहरू खालीठाँउमा बस्छौ र अलग बस्नको लागि पर्याप्त ठाँउ छैन् तर केटाहरू हाम्रो बेन्चमा बस्न दिदैनन् र नराम्रो व्यवहार गर्दछन् । त्यसकारण हामी उनीहरूसँग बस्न चाहादैनौ । केटाहरू गिज्याउने जिस्क्याउने गर्दछन् (थापा, २००७, पृ. ५३) ।

कुँवर (२०६५) ले 'कक्षा ७ को सामाजिक शिक्षा पाठ्यपुस्तकको लैङ्गिक स्थिति' मा गरेको शोधपत्रमा पाठ्यपुस्तकभित्र उल्लेखित चित्र, अभ्यास कार्यव्यवहार, अनुच्छेदमा महिलालाई पुरुष भन्दा तल्लो स्तरमा राखेको कुरा प्रस्टरूपमा उल्लेख गरेका छन् । पाठ्यपुस्तकको भौतिक पक्ष पनि जस्तै : Size, line, paragraph आदि सुहाउदो थिएन भन्ने निष्कर्ष निकालेका थिए ।

यसरी पाठ्यपुस्तकको विश्लेषण र पाठ्यपुस्तकमा भएको लैङ्गिक अवस्था सम्बन्धि वर्तमान अवस्था सम्म गरिएको अध्ययनहरूलाई निम्नलिखित तालिकाबाट प्रस्ट पारिएको छ -


**प्रयोगात्मक साहित्य समीक्षा**




माथि उल्लेख गरिएको अनुसन्धानबाट पाठ्यपुस्तक र लैङ्गको बीचमा समानता/ विविधतालाई विभिन्न दृष्टिकोणबाट विश्लेषण गरेको पाईन्छ। यसरी माथि उल्लेखित साहित्यक समिक्षाले विभिन्न पक्षहरूमा नविनतम सोचका निम्ति अध्ययनकर्तालाई सहयोग पुगेको थियो।

## २.४ अवधारणात्मक ढाँचा

कुनै पनि अध्ययन पूर्व त्यस अध्ययन सँग सम्बन्धित विषयवस्तुलाई समेटेर चित्रात्मक रूपमा प्रस्तुत गरेमा मोटामोटी खाका प्रस्तुत हुन्छ । तसर्थ यो अध्ययन निम्नानुसारको विषयवस्तुमा केन्द्रित भएर गरिएको थियो ।





माथि प्रस्तुत ढ ... ो अध्ययनमा पाठ्यपस्तकमा ... नो ... भनि हेर्न विभि ... शिक्षक शिक्षिका, विद्यार्थी तथा विज्ञहरूसँग विविध प्रश्नावली ... छलफ... ...को थियो । साथै पाठ्यपुस्तकको पनि अध्ययन गरी विश्लेषण गरि... ...।

**परिच्छेद-तीन**
**अध्ययन विधि**

अनुसन्धान विधिले अनुसन्धान कार्यलाई मार्गदर्शन गर्दछ । जुन तरिकाबाट अनुसन्धान कार्यलाई सम्पन्न गरिन्छ वा तथ्याङ्कलाई सङ्कलन, विश्लेषण र व्याख्या गरी निष्कर्षमा पुगिन्छ त्यसलाई नै अध्ययन विधिमा उल्लेख गरिन्छ ।

## ३.१ अनुसन्धान ढाँचा

अनुसन्धान ढाँचा अनुसन्धान कार्यको पूर्व ढाँचा हो । अनुसन्धानकार्यलाई निश्चित समय र खर्चमा सम्पन्न गर्न अनुसन्धान ढाँचाको आवश्यकता पर्दछ (खनाल २०६६) । अनुसन्धान ढाँचा अनुसन्धान गरिने विषयको प्रकृति, अध्ययनको उद्देश्य, अनुसन्धानको किसिमजस्ता विभिन्न पक्षहरूमा निर्भर गर्दछ । यो अनुसन्धान पूर्णतया गुणात्मक विधिमा आधारित रहेको थियो । प्रस्तुत अध्ययनको उद्देश्य प्राप्तिका लागि निम्नानुसारको सूचना प्राप्त गर्ने ढाँचा तयार पारिएको थियो ।




## ३.२

अध्ययनकार्यलाई उद्देश्य अनुरूप व्यवस्थित रूपमा सम्पन्न गर्नका लागि निम्नानुसारको

उ... महानगरपालिकाभित्र सञ्चालन ... मध्ये २ वटा विद्यालयका माध्... जना शिक्षक शिक्षिकालाई अध्य... लिइएको थियो ।

ख) विभिन्न संघसंस्थामा कार्य गरिरहेका दुई जना महिला विज्ञहरूलाई अध्ययनको जनसङ्ख्याको रूपमा लिईएको थियो ।

ग) नमुना छनोटमा परेका २ व... कक्षा ९ र १० मा अध्ययनरत १२ जना विद्यार्थीहरूलाई अध्ययनको ...को थियो ।

## ३.३ नमुना छनौट

Best and khan (1999) का अनुसार “अनुसन्धानकर्ताको उद्देश्य र चाहाना अनुसार अध्ययनका लागि जनसङ्ख्या र स्थान निर्धारण गर्ने कार्य हो” (खनाल, २०६६) । जस अनुरूप यस अध्ययन कार्यलाई सम्पन्न गर्न निम्न अनुसार नमुना छनोट गरिएको थियो तर नमुना छनोट सामान्यतया तल प्रस्तुत गरे अनुसार गरिएता पनि यो अध्ययन पूर्ण रूपमा गुणात्मक भएकाले अध्ययनका क्रममा समय, परिस्थिति र आवश्यकता अनुसार लचकता भने अपनाइएको थियो ।

### ३.३.१ अध्ययन क्षेत्रको छनोट

अध्ययनकार्यलाई उद्देश्य अनुसार बनाउनका लागि, अध्ययनकर्ताद्वारा आफ्नो सुविधाका लागि र सिमित स्रोत र साधनको प्रयोग गरी अनुसन्धान कार्यलाई अगाडी बढाउनका लागि काठमाडौं जिल्ला का.म.पा.लाई सुविधाजनक नमुना छनोट विधिका आधारमा छनोट गरिएको थियो ।

### ३.३.२ विद्यालयको छनोट

का.म.पा. मा रहेका १५३ वटा सामुदायिक मा.वि. र उ.मा.वि. मध्येबाट अनुसन्धानकर्ताद्वारा आफ्नो सहजताको आधारमा सम्भावना रहित नमुना छनोट विधि

अन्तर्गतको सुविधाजनक नमुना छनोटको आधारमा दुईवटा विद्यालयहरू श्री पद्ममोदय उ.मा.वि. काठमाडौं वडा नं. ३१ र श्री त्यौड मा.वि., काठमाडौं वडा नं. ३० लाई छनोट गरिएको थियो ।

### ३.३.३ शिक्षक छनोट

अध्ययनको लागि छनोट भएका विद्यालय अन्तरर्गतका मा.वि. तहमा सामाजिक विषय अध्ययापन गराउने दुईजना शिक्षकलाई स्वतः छनोट गरिएको थियो ।

### ३.३.४ विद्यर्थी छनोट

लैङ्गिक दृष्टिकोणबाट सामाजिक अध्ययन पाठ्यपुस्तक प्रति विद्यार्थीहरूको भनाई सङ्कन गर्न अध्ययन क्षेत्र अन्तर्गत रहेका विद्यालयका कक्षा ९ र १० मा अध्ययनरत विद्यार्थीहरूमध्ये कक्षा ९ बाट ६ जना र कक्षा १० बाट ६ जना विद्यार्थीहरूलाई सम्भावनारहित नमुना छनोट विधि अन्तर्गतको उद्देश्यपूर्ण नमुना छनोट विधिबाट छनोट गरिएको थियो ।

### ३.३.५ विशेषज्ञहरूको छनोट

यस अध्ययनमा लैङ्गिक दृष्टिकोणबाट पाठ्यपुस्तकको विश्लेषण गरिएको हुँदा अध्ययनलाई सार्थक तुल्याउन २ जना महिला अधिकारवादी विज्ञलाई सम्भावना रहित नमुना छनोट विधि अन्तर्गतको उद्देश्यपूर्ण नमुना छनोट विधिबाट छनोट गरिएको थियो ।

### ३.४ साधनको निर्माण

उद्देश्यमा केन्द्रित रही उद्देश्य अनुरूप अध्ययनकार्यलाई अगाडि बढाउन निम्न सुचना सङ्कलनका साधनहरू निर्माण गरिएको थियो ।

### ३.४.१ खुल्ला प्रश्नावली

लैङ्गिक दृष्टिकोणबाट पाठ्यपुस्तक प्रतिको धारणा बुझ्न विज्ञ र शिक्षक शिक्षिकाको लागि खुल्ला प्रश्नावली निर्माण गरिएको थियो ।

### ३.४.२ समूह छलफल

लैङ्गिक दृष्टिकोणबाट पाठ्यपुस्तक प्रतिको धारणा बुझ्न उल्लेखित विद्यालयका छनोट भएका विद्यार्थी माथि समूह छलफल निर्देशिका सूची तयार गरी समूह छलफल गराईएको थियो ।

### ३.४.३ दस्तावेज अध्ययन

उल्लेखित तहको पाठ्यपुस्तक र सम्बन्धित साहित्यलाई औजार मानि अध्ययन गरी सुचना संकलन गरिएको थियो ।

### ३.५ साधनको वैधता निर्धारण

शोधपत्र तयार गर्ने क्रममा निर्माण गरिएका साधनहरूको बैधता र विश्वसनियता हुनु आवश्यक छ । यस शोधपत्रमा तयार गरिएका खुल्ला प्रश्नावली र समूह छलफल निर्देशिका तयार गरिसके पछि सहपाठी साथीहरू सँग छलफल गरिएको थियो । छलफल पश्चात आवश्यक संसोधन गरि सम्बन्धित सोधनिर्देशकलाई देखाईएको र निर्देशकको आवश्यक सुझाव र सल्हा अनुसार संसोधन गरी शोध समितिमा प्रस्तुत गरिएको थियो र शोध समितिको सुझाव अनुसार अन्तिम रूप तयार गरिएको थियो ।

### ३.६ सुचना सङ्कलन प्रक्रिया

तथ्याङ्क सङ्कलनका लागि अध्ययनकर्ताको आफ्नो सीमित समय, साधन र सजिलोका लागि नमुना छनोटमा उल्लेख गरेअनुसार काठमाडौं जिल्ला का.म.पा. अन्तर्गत दुईवटा विद्यालयहरूलाई छनोट गरिएको थियो । छनोट भएका दुवै विद्यालयमा सामाजिक अध्ययन विषय अध्यापन गराउने शिक्षकहरू र विभिन्न सङ्घसंस्थामा कार्यरत महिला विज्ञहरूसँग निर्माण गरिएका प्रश्नावलीहरूको प्रयोग गरी सूचना सङ्कलन गरिएको थियो । त्यस्तै प्रत्येक विद्यालयका छनोट भएका विद्यार्थीहरूको छुट्टाछुट्टै १/१ वटा समूह बनाई निर्माण गरिएका छलफल निर्देशिकाहरू प्रयोग गरी सूचना सङ्कलन गरिएको थियो साथै अनुसन्धानकर्ता स्वयम्ले पाठ्यपुस्तकको गहन अध्ययन गरी आवश्यक सूचना प्राप्त गरेको थियो ।


## परिच्छेद चार
## सूचनाको विश्लेषण र व्याख्या

महिला र पुरुष दुवैको समाजप्रति योगदान हुँदाहुदै पनि लैङ्गिक आधारमा महिलाहरू धेरै क्षेत्रमा पछि नै परेका छन् । पाठ्यपुस्तकमा पनि लिङ्गको आधारमा विषयवस्तु, चित्र, संवाद अभ्यास जस्ता कुराहरू प्रयोग गर्नु आजको परिप्रेक्षमा असान्दर्भिक हुन जान्छ । आधुनिक विश्वमा शिक्षा र लैङ्गिक समानता राष्ट्रिय विकासको महत्त्वपूर्ण पक्ष हो । त्यसैले एक्काईसौं शताब्दिको यो जल्दोबल्दो समस्या माथि अनुसन्धान गर्न सामाजिक अध्ययन विषयमा उल्लेखित चित्र विषयवस्तुहरूले लैङ्गिक पक्षलाई कतिको प्रतिनिधित्व गरेको छ त ? भन्ने कुरा पहिचन गर्न अनुसन्धानकर्ता स्वयम्ले पाठ्पुस्तकमा भएका चित्र, विषयवस्तु आदिको गहन अध्ययन गरी विश्लेषण गरेको थियो । साथै आवश्यकता अनुसार त्यस विषयप्रति शिक्षक, विशेषज्ञ र विद्यार्थीबाट धारणा सङ्कलन गर्न स्थलगत सर्वेक्षण गरी आवश्यक सूचना संकलन गरी प्राप्त सूचनाहरूलाई विश्लेषण गरिएको थियो ।

प्रस्तुत अध्ययन माध्यमिक तहको सामाजिक शिक्षाको पाठ्यपुस्तकमा दिएका विभिन्न विषयवस्तु चित्र, अभ्यास, संवाद अन्तर्गत लैङ्गिक समानता/विभेद के छ ? भन्ने कुरालाई दस्तावेज अध्ययन गरी पछी विभिन्न कोणबाट विश्लेषण र व्याख्या गरिएको छ । साथै उक्त पाठ्यपुस्तकका सम्पूर्ण एकाई र पाठ्यशिर्षकहरूमा अनुसन्धानकर्ताले लैङ्गिक मुद्धा भेटेन तसर्थ पाठ्यपुस्तकका केहि एकाईहरूमा भएका लैङ्गिक पक्ष सम्बन्धी मुद्दाहरूको मात्र यथार्थ विश्लेषण तथा व्याख्या गर्ने जमर्को गरेकी छु ।

### ४.१ चित्रका आधारमा कक्षा ९ को सामाजिक अध्ययन पाठ्यपुस्तक विश्लेषण

### ४.१.१ हामी, हाम्रो समुदाय र राष्ट्र



**चित्र नं. १. : हामी , हाम्रो समुदाय र राष्ट्र ।**

उल्लेखित चित्रमा देखाइए अनुसार चित्रहरूलाई लैङ्गिक दृष्टिकोणबाट अध्ययन गर्दा असमानता विद्यमान रहेको छ । चार छुट्टा छुटै घरहरू छन् र प्रत्येक घरमा एक एक महिला छन् पुरुष छैनन् । जहाँ घर बाहिरको काममा पुरुषहरू गएको भन्ने अर्थ लगाउँन सकिन्छ । यसलाई समालोचनात्मक दृष्टिकोणमा हेर्दा महिलाहरू घर बाहिर निस्किन हुदैन, उनिहरू घर बाहिर निस्किएर केहि गर्न सक्दैनन्, पुरुषहरू मात्र घर बाहिर निष्किएर केहि गर्न सक्छन्, पुरुषहरू मात्र बाहिरको काम गर्न सक्षम हुन्छन् भन्ने कुरा देखाउन खोजिएको प्रष्ट हुन्छ ।

प्रस्तुत प्रसङगको सन्दर्भमा खुल्ला प्रश्नावलीको सहयाताबाट नमुना छनोटमा परेका महिला विज्ञहरूलाई लैङ्गिक दृष्टिकोणबाट यस पाठमा उल्लेखित चित्रलाई कसरी हेर्नुहुन्छ भनि प्रश्न राखेकी थिए । विज्ञ 'A' को अनुसार कार्यविधिमा पितृसतात्मक दृष्टिकोण, जहाँ महिला घरको चार दिवालभन्दा बाहिर जान सक्दैनन् भन्ने दृष्टिकोणबाट व्याप्त भएको सोचलाई चित्रले प्रस्तुत गरेको छ भन्ने धारणा व्यक्त गरेकी थिईन् । त्यस्तै विज्ञ 'B' ले पनि 'चित्र लैङ्गिक दृष्टिकोणले असमान छ जहाँ पुरुष पात्र देखाइएको छैन्, यसको मतलव पुरुष घर बाहिरको काममा गएका र महिला घरमा बसेको अवस्था देखाईएको छ, जुन लैङ्गिक असमानता हो भन्ने धारणा व्यक्त गरेकी थिईन् ।

त्यस्तै शिक्षक र शिक्षिकालाई पनि उक्त प्रश्न राखेकी थिए । उनिहरूबाट पनि प्रस्तुत चित्रमा लैङ्गिक असमानता रहेको छ भन्ने समान धारणा प्राप्त भएको थियो भने शिक्षिकाले थप धारणा महिला घर छोडेर हिड्न नहुने पितृसतात्मक चिन्तनबाट मुक्त नरहेको समाजको चित्रण

गरेको भन्ने कुरा व्यक्त गरेकी थिईन् । त्यस्तै कक्षा ९ र १० का छात्र छात्राहरू सँग गरिएको छलफलमा पनि उनिहरूले लैङ्गिक असमानता रहेको भन्ने धारणा व्यक्त गरेका थिए ।

माथि प्राप्त भएका सम्पूर्ण प्रतिक्रिया र अनुसन्धानकर्ताको स्व अध्ययनबाट के प्रस्ट हुन्छ भने माथि प्रस्तुत गरिएको चित्र लैङ्गिक दृष्टिकोणले असान्दर्भिक छ ।

### ४.१.२ दिगो विकास




**चित्र नं. २ : दिगो विकास**

उल्लेखित चित्रमा महिलाले वातावरण संरक्षणसमबन्धी छलफल गरिरहेको दृश्य देखाइएको छ अर्थात् महिलाले केहि भनिरहेको जस्तो देखाइएको छ । उक्त चित्रमा महिलाले छलफल गरिरहेको दृष्यलाई equality सँग जोड्न सकिन्छ । Equality सम्बन्धि plumwood (1993) को २ वटा नमुना छन् । जसमध्ये II नमुनाको रूपमा "The feminism of uncritical reversal "पनि एक महत्त्वपूर्ण नमुना हो । जहाँ महिलाको स्थान उच्च हुन्छ । तसर्थ यहाँ महिलालाई केहि मात्रामा भए पनि सम्मान गरिएको छ । जुन लैङ्गिक दृष्टिकोणको सान्दर्भिक छ ।

यसैगरी महिला पनि पुरुष सरह अगाडि बढेर देश तथा समाज विकासका बारेमा स्वतन्त्र भएर विचार व्यक्त गर्न र जनचेतना फैलाउन सक्षम छन् भन्ने कुरालाई उक्त चित्रले देखाउन खोजेको छ भन्ने कुरा महिला विज्ञहरूको प्रतिक्रियाबाट पाईएको थियो । शिक्षकका अनुसार महिलालाई पुरुष सरह उभ्याइनु लैङ्गिक रूपमा समान तुल्याउन गरेको राम्रो प्रयास हो भन्ने कुरा बताएको भेटियो । शिक्षिकाले भने “उक्त चित्रले समाजमा महिला पनि विचार राख्ने सामाजिक कार्यक्रममा सहभागिता जनाउन पुरुष सरह अग्रसर रहन सक्ने कुरा देखाउन खोजेको छ भन्ने बुझ्न सकिन्छ” भन्ने विचार व्यक्त गरेकी थिइन् ।

सबैको प्रतिक्रिया अनुसार उक्त चित्रमा महिला सहजकर्ताको व्यवस्था भएको देखाउनु लैङ्गिक दृष्टिकोणले सान्दर्भिक रहेको भन्ने धारणा आएको पाइयो तर अर्को पक्ष महिला मात्र सहभागि भएको देखाउनु ले लैङ्गिक असमानतालाई प्रस्तुत गर्न खोजेको पनि प्रष्ट हुन्छ भन्ने सबैले समान धारणा व्यक्त गरेको पाईयो ।

### ४.१.३ स्वास्थ्य



**चित्र नं. ३ : स्वास्थ्य**


माथि प्रस्तुत चित्रको दृष्यलाई हेर्दा महिलाले बच्चा बोकी स्वास्थ्य चौकी सम्म लानु र डाक्टर पुरुष नै भएको देखाउनुले महिलालाई बच्चा जन्माउने मेसिन तथा बच्चाको स्याहार गर्ने सुसारेको रूपमा मात्र देखाउन खोजिएको अनुमान गर्न सकिन्छ । बच्चाको हेरचाह र हुर्काउने प्रमुख दायित्व महिलाको मात्र भएको जस्तो देखाईएको छ । जहाँ पुरुषहरूलाई गौण भूमिकाको रूपमा प्रस्तुत गरेको हो की भन्ने आशंका व्यक्त गराईएको छ । साथै डाक्टर जस्तो सम्मानित पेशामा महिला पुग्न सक्दैनन्, पुरुष नै डाक्टर हुनु पर्दछ भन्ने कुरा देखाउन खोजिएको प्रस्ट हुन्छ जुन लैङ्गिक दृष्टिकोणले असान्दर्भिक छ ।

यस सन्दर्भमा उक्त चित्र लैङ्गिक दृष्टिकोणबाट कतिको सान्दर्भिक छ भनि विज्ञ तथा शिक्षक शिक्षिकाबाट खुल्ला प्रश्नावलीको प्रयोग गरी धारणा बुझ्ने प्रयास गरेकी थिए जहाँ

महिला विज्ञ 'A' ले महिलले नै बच्चाको स्याहार सुसार गर्नुपर्ने, बुवाले बच्चा च्यापेर अस्पताल जाँदा लाज हुने परम्परागत धारणा रहेको र डाक्टर महिला पनि हुन सक्छिन भन्ने सम्भावनालाई नदेखाईएकोले चित्र विभेदपूर्ण छ भनेकी थिईन । त्यस्तै विज्ञ 'B' ले बच्चाको लालनपालन, हुर्काउने आदि सम्पूर्ण जिम्मैवारी महिलाको मात्र हो भन्ने देखाउनु र डाक्टर महिला नदेखाएर पुरुष नै देखाउनु पुरुषवादी चिन्तन हो भन्ने कुरा व्यक्त गरेकी थिईन । शिक्षकले 'चित्रले समाजमा अझपनि असमानता रहेको कुरालाई प्रस्ट पारेको छ भन्ने कुरा उल्लेख गरेका थिए' भने शिक्षिकाले 'बच्चा हुर्काउने र हेरचाह गर्ने जिम्मेवारी महिलालाई पर्छ साथै डाक्टर पुरुष नै हुनु पर्ने देखाउन खोजिएको छ' भन्ने धारणा व्यक्त गरेकी थिईन । साथै 'यदि डाक्टर महिला भए तापनि उनिहरू अस्पतालबाट टाढा फिल्डमा जान सक्दैनन्, पारिवारिक अनुमति पनि हुदैन भन्ने कुरा पनि देखाउन खोजिएको छ जुन लैङ्गिक दुष्टिकोणले विभेदपूर्ण छ' भन्ने धारणा व्यक्त गरेकी थिईन् । विद्यार्थीहरू सँगको छलफलमा उनिहरूले आमालाई वढी बोझ हुने कुरा बताएका थिए । साथै केहि छात्र छात्राले महिला डाक्टर पनि हुन सक्छन् भन्ने कुरा व्यक्त गरेका थिए ।

सबैले दिएका प्रतिक्रियालाई समालोचनात्मक तरिकाले विश्लेषण गर्दा उक्त चित्रमा लैङ्गिक विभेद भएको कुरा प्रस्ट देखिन्छ ।

**४.१.४ हाम्रो रितिरिवाज र परम्परा**



**चित्र नं. ४ : हाम्रो रितिरिवाज र परम्परा**

माथि प्रस्तुत चित्रहरूलाई लैङ्गिक दृष्टिकोणबाट विश्लेषण गर्दा पहिलो चित्रमा 'मस्टो धामी'को रूपमा पुरुषलाई प्रस्तुत गर्नु र मस्टो देवता धामीमा रूपान्तरित हुने त्यसमा पनि पुरुषकै रूपमा रूपान्तरित हुने र विभिन्न चमत्कारहरू देखाउने भन्ने पुरुषप्रधान धार्मिक विश्वास प्रस्तुत गर्न खोजिएको छ । त्यस्तै दोस्रो चित्रमा ब्रतालुको रूपमा पुरुष नभई महिलालाई नै प्रस्तुत गरिएको छ । तसर्थ यी चित्रहरू लैङ्गिक दृष्टिकोणले विभेदपूर्ण र असान्दर्भिक रहेका छन् भन्ने ठहर अनुसन्धानको रहेको थियो ।

उक्त चित्रहरूका बारेमा विज्ञ तथा शिक्षकशिक्षिकाले आ-आफ्नै प्रकारका धारणाहरू राखेका थिए । विज्ञ 'A' ले मस्टो धामीको चित्र अध्ययन पछि यो चित्र लैङ्गिक रूपमा असमान रहेको छ जहाँ पुरुषहरूलाई शक्तिको रूपमा हेर्ने र शक्तिशाली कामहरू महिलाले गर्न सक्दैनन्, पुरुषले नै गर्नु पर्दछ र देवताहरू पुरुषमा मात्र उत्रन्छन् भन्ने परम्परागत पितृसतात्मक धार्मिक दृष्टिकोणबाट प्रभावित रहेको छ भन्ने धारणा व्यक्त गरेकी थिईन । त्यस्तै विज्ञ 'B' ले पनि दैवि शक्ति पनि मस्टोको रूपमा पुरुषहरूमा नै चड्नु र मस्टो धामीको चित्र पुरुषको नै प्रस्तुत गर्नु महिला माथिको शोषण परापूर्वकालदेखि नै सुरु भएको र आजसम्म पनि त्यहि परम्पराले गर्दा महिला शक्तिहिन दुर्वल प्राणीको रूपमा हेरिन्छन् भन्ने कुरा उक्त चित्रले देखाउन खोजेको छ भन्ने धारणा व्यक्त गरेकी थिईन । त्यस्तै गरेर दोस्रो चित्रको बारेमा विज्ञ 'A' ले लैङ्गिक असमानता छर्लङ्ग रहेको छ भनेकी थिईन । उक्त चित्रमा महिलालाई मात्र ब्रतालुका रूपमा प्रस्तुत गरिएको छ जसले पुरुषहरूले ब्रत वस्नु हुदैन अर्थात पुरुषहरूलाई कुनै ब्रतको आवश्यकता छैन किनकी धर्म संस्कार भनेको महिलाले मात्र गर्ने परम्परा हो भन्ने विभेदपूर्ण संस्कारलाई वढवा दिइएको छ भन्ने विचार व्यक्त गरेकी थिईन । त्यस्तै गरी महिलालाई राम्रो घर, राम्रो पति प्राप्तिको लागि, पतिको सौभाग्य र सुख, दिर्धायु आदि पाउने कुराको नाममा ब्रत बसेर समय व्यतित गर्न लगाएको र उनिहरूलाई कमजोर अवस्थामा राखी शोषण गर्ने पुरुषको पुरुषवादी प्रवृति प्रस्तुत भएको भन्ने धारणा विज्ञ 'B' को रहेको थियो ।


यसै सन्दर्भमा शिक्षक शिक्षिकाले पनि प्रस्तुत चित्रहरू लैङ्गिक दृष्टिकोणले विभेदपूर्ण छ भन्ने समान धारणा व्यक्त गरेका थिए । 'ब्रतालु महिलाहरू' को चित्र र विषयवस्तुमा महिला शिक्षिकाले महिलालहरूलाई खाली धर्मको नाममा घरमा नै बाँधेर राख्ने पुरुषको कुटनीति

परम्परादेखि रहदै आएको कुरा प्रस्ट देखिन्छ । जहाँ महिलाहरूले आफ्नो 'स्व'लाई विर्सेर पतिलाई देवता भनि पुजा गर्ने चलन बसाएर महिला माथि अन्याय गरेको सत्यता प्रस्तुत गरेको छ । तसर्थ यहाँ लैङ्गिक विभेद अत्यधिक देखिन्छ भन्ने धारणा व्यक्त गरेकी थिईन । शिक्षकको धारणा पनि शिक्षिकाको धारणा सँग मिल्दो नै आएको थियो ।

माथिको सन्दर्भलाई छात्र छात्रामा छलफल गराउदा पनि लैङ्गिक असमानता रहेको समान दृष्टिकोण व्यक्त गरेका थिए ।

यसर्थ माथिका विभिन्न व्यक्तिहरूको विश्लेषण र अनुसन्धानकर्ताको आफ्नो अध्ययनबाट हेर्दा प्रस्तुस्त चित्रहरू लैङ्गिक दृष्टिकोणले असमान र असान्दर्भिक छन् । यसले छात्रहरूमा नचाहिदो घमण्डको विकास हुन सक्छ र छात्राहरूमा आफू कमजोर हुनुका साथै धर्मको नाममा पुरुषको सेवा गर्नै पर्ने रहेछ भन्ने नकारात्मक भावनाको विकास हुन सक्छ, जुन लैङ्गिक दृष्टिकोणले असान्दर्भिक छ ।

**४.१.५ नेपाली चित्रकला**



**चित्र नं. ५ : नेपाली चित्रकला**

प्रस्तुत पाठको 'भित्ते चित्र' शिर्षकमा समावेश गरिएको चित्र बारेमा अनुसन्धानकर्ताले अध्ययन गरी लैङ्गिक दृष्टिकोणबाट विश्लेषण गर्दा लैङ्गिक समानता रहेको पाएको छ । प्रस्तुत चित्रको नाम (मिथिला) महिलाको नाममा राखिएको छ, चित्रमा महिला र पुरुष सँगसँगै नाचेको देखाइएको छ । यस चित्रबाट पर्रापूर्वकालदेखि नै महिलालाई पनि पुरुष सरह हाँसखेल गर्न छुट थियो भन्ने कुरा देखाउन खोजिएको छ । जुन चित्रले महिला र पुरुष बीचको समानतालाई देखाएको छ । यसर्थ उक्त चित्र लैङ्गिक दृष्टिकोणले पाठ्यपुस्तकमा राख्नु सान्दर्भिक छ ।

**४.१.६ नेपाली मूर्तिकला**


'चित्र'

पाठ्यपुस्तकको पेज नं. ३२ मा पुरुष लिङ्ग जनाउने भगवान विरूपाक्ष र बूढानीलकण्ठको चित्र देखाईएको छ तर स्त्री लिङ्ग जनाउने विद्याको देवी सरस्वती र धनकी देवी लक्ष्मी लगायतका महिला भगवानहरूका चित्रहरू पाठ्यपुस्तकमा समावेश गरिएको छैन । के महिला भएर नै उनिहरूको चित्र पाठ्यपुस्तकमा नराखिएको हो ? के महिला भगवानको चित्र पाठ्यपुस्तकमा समावेश गरिएमा पितृसतात्मक समाजमा हलचल कम्पन नै हुन्छ र ?

उक्त प्रसङगको सन्दर्भमा खुल्ला प्रश्नावलीको सहयताबाट नमुना छनोटमा परेका शिक्षकहरूलाई लैङ्गिक दृष्टिकोणबाट यस पाठमा उल्लेखित चित्रहरूलाई कसरी हेर्नु हुन्छ भनि प्रश्न राखेकी थिए । उनिहरूको धारणा अनुसार महिला भगवानको चित्र नदिएकोले यस पाठमा उल्लेखित चित्रमा लैङ्गिक असमानता छ भन्ने धारणा आएको थियो भने विज्ञहरूको पनि शिक्षक शिक्षिकाको धारणा सँग समान धारणा आएको पाईयो ।

उक्त पाठमा दिईएको चित्रले महिला भगवावहरूलाई उपेक्षा गरिएको आधारमा छनोटमा परेका व्यक्तिहरू र अनुसन्धानकर्ताको समान दृष्टिकोण रहेको थियो ।

**४.१.७ सामाजिक समस्या र समाधान**



**चित्र नं. ६ : सामाजिक समस्या र समाधान**

उल्लेखित चित्रमा देखिए अनुसार अनुसन्धान कर्ताको रूपमा पाठ्यपुस्तक अध्ययन गर्दै जाँदा उक्त चित्रमा महिला शिक्षिकाको व्यवस्थाहुनु राम्रो ठहर गरेकी छु अर्थात यसले नेपाल सरकारको नीति अनुसार प्राथमिक तहमा एउटा महिला शिक्षक अनिवार्य हुनु पर्छ भन्ने कुरालाई प्रष्टयाउँदछ । उक्त चित्रमा शिक्षिकाले शिक्षण क्रियालाप गरिरहेको दृष्य सकारात्मक मान्न सकिन्छ । यसर्थ कि पुरुष शिक्षक सरह महिला शिक्षक पनि छन् । उनिहरूको सशक्तिकरणमा पनि केहि प्रयास छ भन्ने कुरालाई उक्त चित्रमा प्रष्टयाइएको छ । उक्त चित्रका सम्बन्धमा विज्ञ 'A' ले राष्ट्रका कर्णधारहरूलाई बाटो देखाउने काममा महिलाको महत्त्वपूर्ण स्थान देखाइएको छ भनेकी थिईन भने विज्ञ 'B' ले पनि 'A' कै विचारमा समर्थन गर्दै थप छात्र छात्रा दुवैको समान उपस्थिति देखाउनुले पनि लैङ्गिक समानतालाई देखाइएको छ भन्ने धारणा व्यक्त गरेकी थिईन । शिक्षकले उक्त चित्रका सम्बन्धमा “महिलाहरूलाई शिक्षिकाको रूपमा स्विकार गर्नु लैङ्गिक दृष्टिकोणबाट सान्दर्भिक हो” भन्ने कुरा व्यक्त गरेको पाइयो । उनले “महिला शिक्षिकाको व्यवस्था हुनु सान्दर्भिक नै हो” भन्ने प्रतिक्रिया व्यक्त गरेका थिए । त्यसैगरी शिक्षिकाले चित्रमा महिला शिक्षकको व्यवस्था हुनु अति उपयुक्त भएको प्रतिक्रिया दिएको पाईयो । छात्र छात्राहरू माथि छलफल गराउदा पनि शिक्षिकाको व्यवस्था हुनु राम्रो भएको वताएका थिए ।

माथि प्रस्तुत सबैको प्रतिक्रिया अनुसार उक्त चित्र लैङ्गिक दृष्टिकोणमा महिला शिक्षिकाको व्यवस्था हुन सान्दर्भिक रहेको कुरा प्रस्ट भेटिएको छ  जसले लैङ्गिक समानतालाई प्रस्ट्याएको छ ।

**४.१.८ सामाजिक सुधारमा राष्ट्रियस्तरका सङ्घ संस्थाहरू**



**चित्र नं. ७ : सामाजिक सुधारमा राष्ट्रियस्तरका सङ्घ संस्थाहरू**

उक्त पाठको ३ नं अभ्यासमा प्रस्तुत गरिएको चित्रमा चिया पकाउने काम पुरुषले गरेका छन् । चिया बाड्ने काम महिलाले गरेकी छिन् भने भाँडा माझ्ने काम पुरुषले नै गरिरहेका छन् साथै महिला र पुरुष सँगै बसेर चिया पिइरहेको देखिन्छ । प्रस्तुत चित्रमा हेर्दा पुरुष र महिलाको बरावर सहभागिता रहेको देखिन्छ अर्थात् महिला र पुरुष बरावरी मिलेर सद्भाव तरिकाले कार्य गर्नु पर्छ भन्ने कुरा प्रस्ट पार्न खोजिएको छ । जुन लैङ्गिक दृष्टिकोणले सान्दर्भिक छ ।

यस सन्दर्भमा खुल्ला प्रश्नावलीको माध्यमबाट विज्ञ तथा शिक्षक शिक्षिकालाई सोधिएको थियो जहाँ विज्ञहरूबाट "महिला र पुरुषको समान भूमिका देखाईएको" भन्ने प्रतिक्रिया पाईएको थियो भने शिक्षकले "लैङ्गिक समानता छ" भनेका थिए । त्यसैगरी शिक्षिकाले "घरायसी कामकाजमा महिला र पुरुषको सक्रिय र समान सहभागिता रहेको छ" भन्ने विचार व्यक्त गरेको पाईयो । यसर्थ महिला र पुरुषले बरावर कार्य गर्दछन् भन्ने कुरा देखाउन खोजिएको छ भन्ने विचार पाईएको थियो र छात्र छात्राहरूको सामूहिक छलफल गराउँदा बरावर कार्य भएको प्रतिक्रिया पाईयो ।

सबै प्रतिक्रियाहरूलाई हेर्दा लैङ्गिक रूपमा समान भूमिका रहेको कुरा प्रस्ट पारिएको छ जसले छात्र छात्रामा समानताको भावना विकास गराउँदछ ।

४.१.९ **कृषि**



**चित्र नं. ८ : कृषि**

माथि उल्लेखित चित्रमा पुरुष र महिलाले गरेको कार्यहरूलाई हेर्दा महिला र पुरुष आपसमा मिलेर कार्य गरेको व्यहोरा बाह्य परिवेशबाट स्पष्ट हुन जान्छ । जसलाई Plumwood (1993) को दुई वटा नमुनासँग दाज्ने हो भने पहिलो नमुना अनुसार उक्त चित्रको कार्यकलापलाई पुरुषत्व ढाँचामा आधारित भएर हेर्दा पुरुषहरू शारीरिक क्षमताका कारण जोत्ने कार्यमा देखाईएको छ भन्न सकिन्छ । जहाँ महिलाको पनि उचित प्रतिनिधित्व सहभागिता र सद्भाव छ । यसर्थ अनुसन्धानकर्ताको दृष्टिकोणबाट उक्त नमुनामा आधारित रहेर भन्नु पर्दा लैङ्गिक सन्तुलन नै छ भनेर भन्न सकिन्छ ।

उक्त कार्यकलापलाई विभिन्न व्यक्तिहरूले विभिन्न तरिकाले व्याख्या गरेका छन् । जसअनुसार विज्ञ 'A' ले कार्यविधिमा पितृसतात्मक रूपमा कार्यविभाजन भएको अर्थात महिलाहरू शारीरिक रूपमा कमजोर हुन्छन् भन्ने कुरा पुरुषले जोत्ने र महिलाले विउ रोप्ने गरेको कार्यबाट प्रस्ट हुन गएको भन्ने प्रतिक्रिया पाईएको थियो । त्यसैगरी विज्ञ 'B' ले स्वभाविक रूपमा महिलाहरू शारीरिक रूपमा कमजोर हुने हुदा विउ रोपेको देखाउनु स्वभावविक हो भन्ने कुरा उल्लेख गरेकी थिईन् । जहाँ लैङ्गिक समानता रहेको छ भनेकी थिईन । त्यसै गरी शिक्षकको धारणा उक्त चित्रमा समान रूपमा उचित सहभागिताका दरले कार्य भएको छ भन्ने आएको थियो साथै शिक्षिकाबाट पुरुष सरह महिला पनि सक्रिय छन् भन्ने देखाउन खोजिएको भन्ने विचार आएको थियो र छात्र छात्रा माथि गरिएको छलफल अनुसार लैङ्गिक विभेद नरहेको अभिव्यक्ति पाईएको थियो ।

समग्रमा भन्नु पर्दा अनुसन्धानकर्ताको अध्ययनबाट र विभिन्न व्यक्तिहरूबाट प्राप्त प्रतिक्रियाको आधारमा हेर्दा उक्त चित्र लैङ्गिक दृष्टिकोणले सान्दर्भिक र सन्तुलित रहेको छ ।

अर्को तिर विज्ञहरूको प्रतिक्रियाबाट विश्लेषण गर्दा महिलालाई शारीरिक रूपमा कमजोर देखाइएको अर्थात लैङ्गिक रूपमा कार्य विधिमा असमानता रहेको भन्ने कुरा प्रस्ट हुन्छ ।

## ४.२ चित्रको आधारमा कक्षा-१० को सामाजिक अध्ययन पाठ्यपुस्तक विश्लेषण

### ४.२.१ दक्ष जनशक्ति : आज र भोलि




**चित्र नं. ९: दक्ष जनशक्ति : आज र भोलि**

माथि प्रस्तुत चित्रमा 'हामीलाई कम्प्युटर इन्जिनियर भन्दा कम्प्युटर अपरेटर वढी चाहिएको छ' भन्दै अन्तरवार्ता लिने व्यक्ति पुरुष लाई देखाउनु, अन्तरवार्ता दिने व्यक्ति र कम्प्युटरमा काम गरिरहेको व्यक्ति पनि पुरुष नै भएको देखाउनुले लैङ्गिक विभेद भएको प्रस्ट रूपमा देख्न सकिने ठहर अनुसन्धानकर्ताको रहेको थियो ।

उक्त चित्रको सन्दर्भमा खुल्ला प्रश्नावलीको माध्यमबाट विज्ञ तथा शिक्षक शिक्षिकाको विचार बुझ्ने जमर्को गरेकी थिए । महिला विज्ञ 'A' ले उक्त चित्रमा कुनै पनि कार्यमा महिलालाई समावेश नगरिएको देखाउनुले लैङ्गिक असमानतालाई देखाईएको छ भन्ने धारणा व्यक्त गरेकी छिन् भने विज्ञ 'B' र शिक्षक शिक्षिकाहरूको समान धारणा “लैङ्गिक असमानता रहेको छ' भन्ने आएको थियो । महिला शिक्षिकाले अरु थप “महिलाहरूलाई जति सक्षम भए पनि दक्ष नागरिकको रूपमा नलिईने र महिला घर भित्रको काममा मात्र सिमित हुन्छन् भन्ने पुरुषवादी सोच देखाउन खोजेको देखिन्छ” भन्ने विचार व्यक्त गरेको पाईयो । छात्र छात्रासँग गरिएको छलफलमा पनि विभेद छ भन्ने विचार व्यक्त गरेको पाईएको थियो ।

यसर्थ माथि प्रस्तुत सम्पूर्ण विचार र अनुसन्धानकर्ताको आफ्नो विश्लेषण बाट के निष्कर्ष निकाल्न सकिन्छ भने उक्त चित्र लैङ्गिक दृष्टिकोण बाट पाठ्यपुस्तकमा राख्नु असान्दर्भिक छ जसले लैङ्गिक असमानतालाई प्रस्तुत गर्दछ ।

४.२.२ **शान्ति सुव्यवस्था**




**चित्र नं. १० : शान्ति सुव्यवस्था**

प्रस्तुत 'शान्ति सुव्यवस्था' पाठमा समावेश गरिएको चित्रमा विभिन्न दलका नेताहरू जस्तै गिरिजाप्रसाद कोईराला, पुष्पकमल दाहाल, माधवकुमार नेपाल लगायतका पुरुष नेताहरूको तस्विर मात्र प्रस्तुत गरेर लैङ्गिक असमानतालाई प्रस्तुत गर्न खोजेको देखिन्छ ।

उक्त चित्रका सन्दर्भमा प्रस्तुत चित्र लैङ्गिक दृष्टिकोणबाट कति सान्दर्भिक छ भनि छनोटमा परेका व्यक्तिहरू समक्ष प्रश्न राखेकी थिए । उनिहरूले प्रस्तुत चित्रमा लैङ्गिक असमानता रहेको छ भन्ने समान धारणा व्यक्त गरेको पाईएको थियो । विज्ञ 'A' ले उक्त चित्रमा महिला नेतृहरूलाई समावेश नगर्नु महिलहरू नेतृत्वमा पुग्न सक्दैनन् वा पुगेका छैनन् भन्ने देखाउन खोजिएको छ, जुन विभेदपूर्ण छ भनेकी थिईन भने विज्ञ 'B' ले शान्ति सुव्यवस्था गर्ने जस्तो महत्त्वपूर्ण कार्यमा महिलाको कुनै भूमिका हुदैन, उनिहरूलाई समावेश गरे आफ्नो पुरुषवादी प्रवृति मात्र लागू गर्न सकिँदैन भन्ने मनसायले महिलालाई सहभागि नगराईएको हो, जहाँ कुल जनसंख्याको ५१ प्रतिशतभन्दा वढी महिलाहरूको आवाज राख्ने महिला नेतृहरू नाराख्नु असान्दर्भिक छ भनेकी थिईन् ।

प्राप्त विचारहरू र अनुसन्धानकर्ताको स्वः अध्ययनबाट महिला नेतृत्व नभएको र शान्ति सुव्यवस्था जस्तो महत्त्वपूर्ण कार्यमा महिलाको कुनै भूमिका नहुने जस्ता कुराहरू देखाउन खोजिएको प्रस्ट हुन्छ तर नेपालमा यस्ता महिला नेतृहरूको कमी छैन जसले देशलाई हाक्न सक्छन्, देशको मुख्य नेतृत्व दिन सक्छन् । यसर्थ यो चित्रले लैङ्गिक असमानतालाई प्रस्तुत गर्दछ भन्ने ठहर अनुसन्धानकर्ताको र सम्पूर्ण प्रतिक्रिया दाताको थियो ।

### ४.२.३ निर्वाचन प्रक्रिया



**चित्र नं. ११ : मतदान प्रक्रिया**

माथि उल्लेखित चित्रलाई समालोचनात्मक तरिकाले हेर्दा अर्थात् उक्त चित्रमा पुरुष र महिलाले गरेका कार्यहरूलाई हेर्दा महिला पुरुष दुवै निर्वाचनमा Angaged रहेको, महिलाले पनि पुरुष सरह मतदान गर्न पाएको अथवा महिला पुरुष मिलेर काम गरेको र महिला र पुरुष दुवै कुनै अवसरबाट बञ्चित नभएको व्यहोरा बाह्य परिवेशबाट स्पष्ट हुन जान्छ जसलाई Leberal feminism सँग दाजेर हेर्न सकिन्छ । लिङ्गका आधारमा महिलाहरूलाई अधिकार वा अवसरबाट बञ्चित गर्न पाईदैन भन्ने तर्क अनुसार यहाँ महिलाको पनि उचित प्रतिनिधित्व र सहभागिता रहेको देखिन्छ । यसर्थ अनुसन्धानकर्ताको दृष्टिकोणबाट उक्त सिद्धान्तमा आधारित रहेर भन्नु पर्दा लैङ्गिक सन्तुलन छ' भनेर भन्न सकिने ठहर रहेको थियो ।

प्रस्तुत चित्रको सन्दर्भमा विज्ञ तथा शिक्षक शिक्षिका र छात्र छात्राहरू सम्पूर्णको समान धारणा 'समानता छ' भन्ने आएको पाईयो ।

### ४.२.४ निर्वाचनमा नागरिकको भूमिका



**चित्र नं. १२ : निर्वाचनमा नागरिकको भूमिका**

माथि प्रस्तुत चित्रमा महिलाहरूलाई सामान्य स्वयम सेवकको रूपमा र पुरुषहरूलाई स्वयम् सेवकसँगै सुरक्षाकर्मीको रूपमा प्रस्तुत गरिएको कुरा चित्रित गरिएको छ । उक्त चित्रमा महिलाहरू निकम्मा (कमजोर) हुन्छन् र अप्ठ्यारो पर्दा पुरुषले मात्र सहयोग अथवा सुरक्षा गर्न सक्छन् भनि महिलाहरूलाई कमजोर मुटु भएकी व्यक्ति प्रमाणित गर्न खोजिएको छ तर हाम्रा धार्मिक ग्रन्थहरूमा उल्लेख भएका बलवान (शक्तिशालि) महिलाहरूको भूमिका देखि वर्तमान सम्मका विभिन्न युद्ध जनयुद्धमा महिलाहरूले गरेको साहसिक काम र वर्तमान सुरक्षा क्षेत्रमा रहेका महिलाहरूको भूमिकालाई यहाँ उल्लेख गरिएको छैन । ताकि पछिल्लो समयमा हाम्रो देशमा सम्पन्न भएको संविधान सभाको निर्वाचनमा महिला सुरक्षाकर्मीको प्रसस्तै भूमिका देख्न सकिन्थ्यो । यति हुदाहुदै पनि पाठ्यपुस्तकमा समावेश भएको उक्त चित्रमा महिला सुरक्षाकर्मिको उपस्थिति नदेखाउनु पुरुषवादी चिन्तनको हावी भएको प्रस्ट हुन्छ जुन लैङ्गिक दृष्टिकोणले असान्दर्भिक र विभेदपूर्ण रहेको छ ।

### ४.३ विषयवस्तुका आधारमा कक्षा ९ को सामाजिक अध्ययन पाठ्यपुस्तक विश्लेषण

### ४.३.१ विद्युत तथा सञ्चार

प्रस्तुत विद्युत तथा सञ्चार पाठमा समावेश गरिएका विषयवस्तुहरूलाई अनुसन्धान कर्ताले लैङ्गिक दृष्टिकोणबाट विश्लेषण गर्दा पेमा र शारदालाई दुर्गम स्थानमा जन्मिएर पनि उच्च शिक्षा हासिल गरी एउटा सक्षम नारीको रूपमा प्रस्तुत गर्नु, पेमाका श्रीमानलाई प्राध्यापकको रूपमा प्रस्तु गर्नु र पेमा र उनका पतिले छोरा नभए पनि दुईवटी छोरीमा नै चित्त बुझउनुले लैङ्गिक समानताको झलक प्रस्तुत गर्न खोजेको प्रस्ट हुन्छ साथै छोरा नभई हुदैन र छोरीले पढ्न हुदैन भन्ने रुढीवादी सोचलाई प्रस्तुत विषयवस्तुले चिर्न खोजेको छ जुन लैङ्गिक दृष्टिकोणले सकारात्मक र सान्दर्भिक छ ।

### ४.३.२ नेपाली चित्रकला

'नेपाली चित्रकला' भन्ने पाठमा समाविष्ट विषयवस्तुको अनुसन्धानकर्ताले अध्ययन गर्दा प्रस्तुत विषयवस्तुमा दुर्गा, काली, गौरी, गणेश, कृष्ण, शिव, आदिको चित्र बनाउने चलन देखिनु भन्नु र उक्त चित्रहरू बनाउनमा धेरै जसो महिलाहरूको संलग्नता रहन्छ भन्ने कुरा प्रस्तुत गर्नुले लैङ्गिक समानतालाई प्रस्तुत गर्न खोजेको अनुमन गर्न सकिन्छ । जहाँ पुरुष भगवानसँगै महिला भगवानको पनि चित्र बनाउने चलन देखिनुले महिला र पुरुष बीचको समानतालाई प्रस्तुत गर्दछ । महिलाहरूको संलग्नता भएको देखाउनुलाई Plumwood (1993) को समानतासम्बन्धी दोस्रो नमुनासँग दाँजेर हेर्न सकिन्छ । जहाँ महिलाहरूको स्थान उच्च हुन्छ, मातृत्वको संस्कृतिलाई केन्द्रित गर्दछ । यहाँ पनि चित्रहरू बनाउने सन्दर्भमा केहि मात्रामा भए पनि महिलाहरूको उच्च स्थान रहेको देखाईएको छ ।

यसर्थ माथि प्रस्तुत सम्पूर्ण विषयवस्तु लैङ्गिक दृष्टिकोणबाट हेर्दा समानता वा सान्दर्भिक रहेको ठहर अनुसन्धानकर्ताको रहेको थियो ।

### ४.३.३ हाम्रा विभूतिहरूबाट राष्ट्रकालागि भएका योगदानहरू

पृष्ठ ३८ मा प्रस्तुत गरिएको पाठमा राजा जनक, सीता, गौतमवुद्ध, अंशुवर्मा, त्रिभुवन पासाङ्गल्हामु शेर्पा आदिको चारित्रिक कार्यव्यवाहारको प्रस्तुति गरिएको छ । जसलाई Merit theory सँग सम्बन्धित छ भन्न सकिन्छ । Merit theory का अनुसार "क्षमतावान व्यक्तिलाई परस्कृत गर्नु पर्दछ अर्थात जसले योगदान गर्दछ उसले नै न्याय पाउदछ" । यस सिद्धान्तको मुख्य आधार भनेको नै व्यक्ति विशेषमा रहेको योग्यताको कदर गर्नु हो (भट्ट, २०६५) ।

यसर्थ उल्लेखित सिद्धान्तमा आधारित भएर भन्नु पर्दा समाजमा महिला र पुरुषको बरावर भूमिका छ । महिला पनि क्षमतावान हुन सक्छन् । उल्लेखित पाठका राष्ट्रिय तथा अन्तराष्ट्रिय व्यक्तित्वहरूमा क्षमतावान महिलाको रूपमा सीता, पासङ्ग र क्षमतावान पुरुषको रूपमा जनक, गौतमवुद्ध, अंशुवर्मा आदिले क्षमता मुताविक न्याय पाएका छन् । उनीहरूको योग्यताको कदर भएको छ । यस अर्थमा उनिहरूको कार्यव्यवहार चरित्रचित्रण समान छ । समान रूपमा भूमिका प्रस्ट पारिएको छ भन्न सकिन्छ ।

यहाँ महिला र पुरुष दुवैको भूमिका बारेमा चित्रण हुनु 'बरावरी' भूमिकाको रूपमा लिन सकिन्छ । उक्त सन्दर्भमा महिला 'A' बाट धेरै विभेद नभए पनि महिला विभूति भन्दा धेरै पुरुष विभूतिहरूको बारेमा चित्रण गरिएको छ भन्ने धारणा आएको थियो । त्यसै गरेर विज्ञ 'B' र शिक्षक शिक्षिकाहरूले भने एकै प्रकारको 'लैङ्गिक रूपमा बराबर भूमिका' नै हो भन्ने धारणा व्यक्त गरेका छन् । छात्र छात्राबाट भने महिला पुरुष दुवैलाई प्रस्तुत गरिएको छ त्यसैले समान छ भन्ने धारणा आएको पाईयो । माथि उल्लेखित विभिन्न व्यक्तिहरूबाट आएका प्रतिक्रिया अनुसार लैङ्गिक विभेद नरहेको पाईएको थियो तथापि अरूपनि धेरै महिलाहरू छन् जसले राष्ट्रका लाथि परापूर्वकाल देखिनै धेरै योगदान दिदै आएका छन् । जस्तै नेपालको हरीततारा को रूपमा चिनिने भृकुटी, श्री ५ राजेन्द्रलक्ष्मी देवी शाह आदि । उनिहरूलाई ओभ्mेलमा पारिनु, विभूतिको रूपमा प्रस्तुत नगरिनु आदिले भने पाठमा महिलाहरूलाई विभेद गरेको देखिन्छ ।

### ४.३.४ विविधतामा एकता

पेज नं. ६८ मा दिईएको 'विविधतामा एकता' पाठमा विषयवस्तुको रूपमा प्रस्तुत गरिएको राष्ट्रिय गानलाई अनुसन्धानकर्ताले अध्ययन गरी विश्लेषण गर्दा लैङ्गिक रूपमा विभेद रहेको पाएको छ । उक्त विषयवस्तुमा 'वीरहरूका रगतले स्वतन्त्र र अटल' भनेर उल्ले गरिनु लैङ्गिक दृष्टिकोणले असान्दर्भिक छ । नेपालको इतिहासलाई पल्टाएर हेर्ने हो भने नालापानीको युद्ध देखि २००७, २०४६, २०६२/६३ लगायतका आन्दोलनहरूमा पुरुषले मात्र रगत वगाएका छैनन्, कयौ महिलाहरूले रगत बगाएका छन्, वीरगती प्राप्त गरेका छन् । जतिपनि परिवर्तनहरू भएका छन् त्यहाँ महिलाहरूको पनि योगदान रहेको कुरा विर्सन सकिदैन । यति हुँदाहुदै पनि किन वीरहरू भनेर मात्र सम्बोधन गरियो ?, किन वीरङ्गना भनि सम्वोधन गरिएन ?, किन महिला पुरुष दुवैलाई सम्बोधन गर्ने शब्दावली प्रयोग गरिएन ?, के महिलाहरूका राम्रा कामलाई पाठ्यपुस्तकमा समावेश गर्न हुदैन र ? यसरी देशको राष्ट्रिय गीत जस्तो महत्त्वपूर्ण गीतमा पुरुषहरूलाईमात्र सम्बोधन गरिनुले महिला विरङ्गनाहरूलाई अन्याय गरेको ठहर अनुसन्धानकर्ताले गरेको थियो । जुन लैङ्गिक दृष्टिकोणले असान्दर्भिक छ ।

### ४.३.५ नेपाली वीरवीरङ्गनाहरूको योगदान

पृष्ठ १२० मा प्रस्तुत गरिएको 'नेपाली वीरवीरङ्गनाहरूको योगदान' पाठको अनुसन्धनाकर्ताले अध्ययन गर्ने क्रममा "वडाकाजी अमरसिंह थापा बाध भीमसिंह थापाका छोरा थिए जस्तो वाक्यांश राखेर विषयवस्तु प्रस्तुत गरेको पाईयो जसले महिलाप्रति गर्ने विभेदपूर्ण व्यवाहारलाई प्रस्ट्याएको छ । हाम्रो समाजमा सन्तानले (छोरा/छोरीले) राम्रो काम गरे त्यो छोरो/छोरी बाबुलको हुने, बाबुले मेरो छोरा वा छोरी भन्ने, यदि सन्तानले नराम्रो काम गरे त्यो आमाको हुने, तेरो छोरो वा छोरी भन्ने परम्परागत पुरुषवादी चिन्तनलाई प्रस्तुत विषयवस्तुको अझ भरणपोषण गर्न खोजेको छ भन्ने अनुमान गर्न सकिन्छ । यहाँ बच्चा (छोरा) जन्माउने आमा तर छोरा बाबुको मात्र हुने, बाबुको मात्र नाम लिईएको छ तर किन आमाको नाम लिईएन ? यहाँ महिलामाथि अन्याय (विभेद) भएको प्रस्ट देखिन्छ । जहाँ पुरुषवादी सोच हावीभएको प्रस्ट हुन्छ । जुन लैङ्गिक दृष्टिकोणले असान्दर्भिक हो भन्ने ठहर अनुसन्धानकर्ताको रहेको थियो ।

### ४.४ विषयवस्तुको आधारमा कक्षा १० को सामाजिक अध्ययन पाठ्यपुस्तक विश्लेषण

#### ४.४.१ विकासका निम्ति दक्ष जनशक्ति

प्रस्तुत सामाजिक विषयको पाठ्यपुस्तकमा विकासका निम्ति दक्ष जाशक्ति' पाठमा उल्लेखित विषयवस्तुमा हर्कबहादुर र उनका परिवारका सदस्यहरू ओखलढुङ्गामा बस्दछन्, श्रीमती बेलुकाको साक्षरता कक्षामा जान थालिन उनले आधारभूत पशुस्वास्थ्य सम्बन्धी तालिम लिईन आदि विषयवस्तुहरू प्रस्तुत गरिएको छ, जसमा महिलाहरूको आफ्नो परिचय छैन उसको परिचय जहिले पनि पुरुषसँग जोडीएको हुन्छ भन्ने कुरा देखाउन खोजिएको प्रस्ट हुन्छ । Simone de Beauvour (1994) का अनुसार 'कोहि जन्मैबाट होईन तर पछि महिला वनाइन्छन् (one is not born but rather becomes a women, p. 301) भनाई अनुसार यहाँ हर्कबहादुरकी श्रीमती जसको आफ्नो छुटै परिचय छैन । जसको सहयोगबाट परिवारको जीवन निर्वाह गर्न सहयोग पुगेको मात्र होईन गाउँले ले नै पशु स्वास्थ्य सम्बन्धी जानकारी पाएर फाईदा लिन पुगेका छन् तर उनले आफ्नो परिचयबाट चिनिने मौका पाएकी छैनन् । उनि को हुन् भन्दा हर्कबहादुरकी श्रीमती हुन भन्ने जवाफ आउँदछ । यो पुरुषवादी चिन्तन बोकेको समाजमा महिलालाई जहिले पनि दोस्रो दर्जाको नागरिकको रूपमा प्रस्तुत गरिएको हुन्छ । हर्क बहादुरकी श्रीमती जन्मिदै हर्कबहादुरकी श्रीमतीको रूपमा जन्मेकी होइनन्, पछि पुरुषप्रधान समाजले उनको परिचय हर्क बहादुर सँग लगेर जोडीदिएको हो । पुरुषले जहिले पनि आफूलाई म र महिलालाई 'अरु' भनि हेर्ने गरेको सामाजिक सत्यलाई यस उदाहरणमा प्रस्तुत विषयवस्तुले प्रस्ट पारेको छ जुन लैङ्गिक दृष्टिकोणले असान्दर्भिक छ ।

#### ४.४.२ अन्तराष्ट्रिय व्यक्तित्वहरू

उल्लेखित पाठमा हेलेन केलर र वैज्ञानिक स्टेफेन हकिङ्गले अपाङ्ग भएर पनि धेरै राम्रो कामहरू गरेको विषयवस्तु अर्थात् कार्यव्यवाहारको प्रस्तुती गरिएको छ । जहाँ लैङ्गिक समानता रहेको छ भन्न सकिन्छ । उक्त चारित्रिक कार्यव्यवाहारको प्रस्तुति हेर्दा Merit theory सँग सम्बन्धित छ भन्न सकिन्छ । Merit theory का अनुसार "क्षमतावान व्यक्तिलाई पुरस्कृत गर्नु पर्दछ अर्थात जसले योगदान गर्दछ उसले त्यहि अनुसारको न्याय पाउँदछ ।" यस सिद्धान्तको मुख्य आधार भनेको नै व्यक्ति विशेषमा भएको योग्यताको कदर गर्नु हो ।

यसर्थ उल्लेखित सिद्धान्तमा आधारित रहेर भन्नु पर्दा समाजमा महिला र पुरुषको बरावर भूमिका छ । महिला पनि क्षमतावान हुन सक्छन् । उल्लेखित पाठका अन्तराष्ट्रिय व्यक्तित्व अपाङ्ग भएर पनि क्षमतावान महिलाको रूपामा हेलेन केलर र क्षमतावान पुरुषको रूपमा स्टेफेन हकिङ्गको क्षमता मुताविक व्यवाहार चरित्र चित्रण समान छ । यसर्थ समान रूपमा भूमिका प्रस्ट पारिएको छ साथै हेलेन र स्टेफेन दुवैले क्षमता मुताविक न्याय पाएको देखिन्छ ।

यसलाई महिला र पुरुष दुवैको भूमिकाका बारेमा चित्रण हुनु 'बरावरी' भूमिकाको रूपमा लिन सकिन्छ । यस सन्दर्भमा नमुना छनोटमा परेका सम्पूर्ण व्यक्तिहरूको समान धारणा 'लैङ्गिक रूपमा बरावर भूमिका नै हो" भन्ने व्यक्त गरेका थिए । तसर्थ उक्त पाठमा लैङ्गिक समानता छ भन्न सकिन्छ ।

#### ४.४.३ चेलिबेटी बेचविखन र देहव्यापार

सामाजिक अध्ययन पाठ्यपुस्तकको पेज नं. ४२ मा प्रस्तुत गरिएको 'चेलिबेटी बेचविखन र देहव्यापार' भन्ने पाठको विषयवस्तुमा सामाजिक समस्याको रूपमा चेलिबेटी बेचविखन र देहव्यापार भनि दिईएको छ । यहाँ गरिवीको मारमा परेका कतिपय केटीहरू विदेशमा लगेर बेचिन्छन् र वेश्यावृत्तिमा लाग्न बाध्य बनाईन्छन्, दलालहरूले केटीहरूलाई कलकारखानामा लगेर विक्रि गर्दछन् लगायतका विषयवस्तुहरू प्रस्तुत गरिएको छ । जुन महिलाहरूलाई जनचेतना जगाउने सन्दर्भमा सान्दर्भिक रहेको छ तर उक्त विषयवस्तुलाई लैङ्गिक दृष्टिकोणले हेर्दा असान्दर्भिक र विभेदपूर्ण रहेको ठहर अनुसन्धानकर्ताको रहेको छ । यहाँ वेश्यावृत्तिमा लाग्ने महिलाहरू मात्र देखाईएको छ, जहाँ पुरुषहरूको के कुनै भूमिका हुदैन त ? के महिला एक्लै यस्तो विकृतिमा लाग्न सक्छिन् त ? यस्तो कार्यमा लाग्ने महिलाले वेश्याको उपमा पाउँछिन् भने के यस्तै कार्यमा लाग्ने पुरुषको कुनै उपमा छैन त ? यसर्थ यि यस्ता कुरामा यहाँ महिलाहरूलाई मात्र दोषी देखाउन खोजिएको छ तर यस कार्यमा समान भूमिका हुने पुरुषहरूलाई भने कुनै प्रकारबाट पनि दोषी देखाईएको छैन । त्यस्तै हामिले हाम्रै समाजमा देखेसुनेका छौं पुरुषहरू पनि लागूऔषत लगायतका दुर्व्यसनि भएर कतिको मृत्यु भएको भने कतिलाई सुधार केन्द्रसम्म लगिएको तर यस्ता कुरा यहाँ कुनै प्रसङ्गमा पनि उल्लेख गरिएको छैन । यसर्थ यहाँ परम्परादेखि जरागाडेर रहेको पितृसतात्मक अथवा पुरुषवादी सोचले पुरुषहरूलाई समाजमा जुनसुकै कार्य गर्न पनि छुट दिएको छ तर महिलालाई छैन भन्ने कुरा देखाउन खोजिएको छ । जसले लैङ्गिक असमानतालाई प्रस्तुत गरेको प्रष्ट हुन्छ ।

### ४.५ संवादको आधारमा कक्षा ९ को सामाजिक अध्ययन पाठ्यपुस्तक विश्लेषण

#### ४.५.१ नागरिक समाजको भूमिका

अनुसन्धानकर्ताले दस्तावेजको अध्ययन गर्ने क्रममा पृष्ठ ६६ मा दिईएको 'नागरिक समाजको भूमिका' पाठमा प्रस्तुत गरिएको संवादमा महिला (रजनी) र पुरुष (महानदास) विचको वार्तालाप भएको देखाइएको छ जुन पात्रको हिसावले लैङ्गिक दृष्टिकोणले हेर्दा सान्दर्भिक भएको ठहर अनुसन्धाकर्ताको छ । यति हुदा हुदै पनि यहा प्रस्तुत विषयवस्तुको प्रकृतिलाई हेर्दा पुरुष पात्र नागरिक समाजको भूमिकाको बारेमा जानकार भएको तर महिला पात्रलाई केहि नजान्ने रूपमा प्रस्तुत गरिएको छ; जहाँ महिलालाई केहि नजान्ने भनि हेयको भावले हेरेको कुरा देखाउन खोजिएको प्रस्ट हुन्छ । जस्तै :

रजनी : महानदासजी ! नागरिक समाज भनेको के हो ?

महानदास : कुनै उद्देश्य प्राप्तिका लागि नागरिकहरू मिलेर बनेको संगठन नै नागरिक समाज हो ।

रजनी : यसले के के कामहरू गर्दछ ?

महानदास : यसले नागरिक हक र अधिकारको रक्षाका लागि आवाज उठाउँदछ । नागरिकले पाउनुपर्ने हकहरू प्राप्तिका लागि जनचेतना फैलाउने ................... आदि वार्तालाप प्रस्तुत गरिएको छ ।

तर महिलाहरू पनि समाज र राष्ट्रको बारेमा सचेत र धेरै कुरा बुझेका हुन्छन् । यस कुरालाई भने ओझेलमा पारिएको छ । जसले महिलाहरूमा भावनात्मक चोट पर्न सक्छ साथै छात्रहरूमा सम्पूर्ण कुराको जानकारी पुरुषलाई मात्र हुन्छ भन्ने घमण्ड पैदा हुन सक्छ । तसर्थ लैङ्गिक दृष्टिकोणले उक्त वर्तालाप पुरुष पक्षिय भएको ठहर अनुसन्धानकर्ताको रहेको थियो ।

### ४.६. संवादको आधारमा कक्षा १० को सामाजिक अध्ययन पाठ्यपुस्तक विश्लेषण

#### ४.६.१ मानव अधिकार

पेज नं. ७४ मा प्रस्तुत गरिएको 'मानव अधिकार' भन्ने पाठमा मानव अधिकारका सम्बन्धमा महिला पात्र (रीता) र पुरुष पात्र (विष्णुचरण) बीच भएको वार्तालाप देखाईएको छ । जस्तै :

रीता : विष्णुजी ! मानवअधिकार सम्बन्धी विचार सबभन्दा पहिले कसले अगाडी सारेको हो ?

विष्णुचरण : भूतपूर्व अमेरिकी राष्ट्रपति फ्रयाङ्कलिन रुजवेल्टकी पत्नी इलेनोर रुजवेल्टले सर्वप्रथम मानव अधिकार सम्बन्धी सोच बनाइन् । उनको अथक प्रयासबाट १० डिसेम्वर १९४८ मा संयुक्त राष्ट्रसंघको साधारण सभाले मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी गरेको छ ।

रीता : संयुक्त राष्ट्रसंघको मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्रमा कति धारा छन् ?

विष्णुचरण : यस घोषणापत्रमा ३० वटा धाराहरू (Articles) छन् । ……….

आदि वार्तालाप प्रस्तुत गरिएको छ । जहाँ पात्रका हिसाबले र प्रस्तुत विषयवस्तुको हिसाबले हेर्दा लैङ्गिक समानता भएको देखिन्छ । प्रस्तुत संवाद र संवादको विषयवस्तुतको बारेमा छनोटमा परेका प्रतिक्रियादाताहरूसँग खुल्ला प्रश्नावली राखेकी थिएँ र विद्यार्थीसँग छलफल गरेकी थिएँ । समग्रमा सम्पूर्ण प्रतिक्रियादाताहरूको समान 'लैङ्गिक समानता छ' भन्ने धारणा आएको थियो । जसले प्रस्तुत पाठ लैङ्गिक दृष्टिकोणले समान भएको पुष्टि हुन्छ ।

यस सन्दर्भमा अनुसन्धानकर्ताको पनि एउटा दृष्टिकोण माथि प्रस्तुत सम्पूर्णको विचार सँग मेल खाएको छ तर अर्को दृष्टिकोणबाट विश्लेषण गर्दा उक्त पाठमा भूतपूर्व अमेरीकी राष्ट्रपति फ्याङ्कलिन रुजवेल्टकी पत्नी इलेनोर रुजवेल्टले सर्वप्रथम मानव अधिकार सम्बन्धी सोच बनाईन भन्नु लैङ्गिक दृष्टिकोणले असान्दर्भिक छ । उक्त प्रसङ्ग Simone de Beauvour (1994) ले भनेको 'one is not born but rather becomes a women (301)' भन्ने भनाईसँग मेल खान्छ । यहाँ इलेनोर रुजवेल्ट लाई उनको आफ्नो नामबाट होइन अमेरीकी राष्ट्रपति फ्याङकलिन रुजवेल्टकी श्रीमती भनेर चिनाउन खोजिएको छ । यहाँ इलेनोरको 'स्व' अर्थात् आफ्नो पहिचान हराएको देखाईएको छ । जहाँ राष्ट्रपतिकी श्रीमती जन्मदै राष्ट्रपतिकी श्रीमती भएर जन्मेकी होइनन् पछि पुरुषप्रधान समाजले उनको परिचय राष्ट्रपतिसँग लगेर जोड्ने प्रयास गरेको छ । उनलाई दोस्रो दर्जाको नागरिकको रूपमा प्रस्तुत गर्न खोजिएको छ तर पुरुषवादी समाजले राष्ट्रपतिको परिचय इलेनोरसँग जोड्ने प्रयास कहिले पनि गरेको छैन् । तसर्थ यो संवाद लैङ्गिक दृष्टिकोणले असान्दर्भिक र पुरुषपक्षिय रहेको ठहर अनुसन्धानकर्ताको रहेको थियो ।

## ४.७ अभ्यासको आधारमा कक्षा ९ को सामाजिक अध्ययन पाठ्यपुस्तक विश्लेषण

### ४.७.१ स्वास्थ्य

कक्षा ९ को सामाजिक अध्ययन पाठ्यपुस्तकमा स्वास्थ्य भन्ने पाठको क्रियाकलाप ३ र ४ को बारेमा अनुसन्धानकर्ताले अध्ययन गर्दा 'परिचारिका र विरामी कुरुवा विचमा विवाद हुनु', 'नजान्ने बहिनीलाई सम्झाउँदै पत्र लेख्नु' भन्ने जस्ता क्रियाकलापहरू (अभ्यासहरू) समावेश गर्नु लैङ्गिक तवरले विभेदपूर्ण रहेको ठहर अनुसन्धानकर्ताको छ । किनकी उक्त क्रियाकलापहरूमा परिचारिका जस्तो सामान्य कर्मचारी महिलालाई देखाउनु, झगडा महिलासँग भएको देखाउनु, नजान्ने भनेर बहिनीलाई नै देखाउनु आदि कुराहरूले महिलालाई हेयका भावले हेरेको प्रस्ट हुन्छ जुन कुराले लैङ्गिक विभेद भएको प्रस्ट्याउँदछ ।

### ४.७.२ नेपाली वीरवीरङ्गनाहरुको योगदान

पेज नं. १२० मा प्रस्तुत गरिएको 'नेपाली वीरवीरङ्गनाहरूको योगदान' भन्ने पाठको क्रियाकलाप (अभ्यास) मा "नेपाल अंग्रेज युद्धमा नेपाली वीरहरूले देखाएको वीरताको उल्लेख गर्दै बहिनीलाई निडर हुन सल्लाह दिदै पत्र लेख्नुस्", 'अमरसिंह थापा वीर पिताका वीर पुत्र थिए' व्याख्या गर्नुस् भनि क्रियाकलापमा प्रस्तुत गर्नु लैङ्गिक दृष्टिकोणले विभेदपूर्ण छ । वीर हुनको लागि छोरो (पुरुष) नै हुनुपर्ने, छोरो पनि बाबुको मात्र हुने, छोरी वीरङ्गना हुन नसक्ने र छोरीहरू (महिलाहरू) जहिले पनि डराउने स्वभावका हुने कुरा देखाउन खोजिएको प्रस्ट छ । जुन लैङ्गिक दृष्टिकोणले असमान र असान्दर्भिक छ । विश्वमा होईन नेपालकै सन्दर्भमा हेर्ने हो भने पनि साहसिक र वीरङ्गना महिलाहरू थुप्रै भएको पाईन्छ । जस्तै : पासाङ् ल्यामुशेर्पा, सेतु वि.क. आदि, जसलाई गौण राखिएको छ । यसर्थ यस पाठमा भएको अभ्यास लैङ्गिक दृष्टिकोणले विभेदपूर्ण र असान्दर्भिक भएको ठहर अनुसन्धानकर्ताको रहेको थियो ।

## ४.८ अभ्यासको आधारमा कक्षा १० को सामाजिक अध्ययन पाठ्यपुस्तक विश्लेषण

### ४.८.१ अन्तर्राष्ट्रिय व्यक्तित्वहरू

सामाजिक अध्ययन पाठ्यपुस्तक अन्तर्गतको 'अन्तराष्ट्रिय व्यक्तित्वहरू' भन्ने पाठको अभ्यास पाँचमा यस्तो विषयवस्तु उल्लेख गरिएको छ "झमक कुमारी घिमिरेको बारेमा पत्रपत्रिकामा प्रकाशित समचारको खोजि गर्नुस् र उनि कुन जिल्लाकी हुन् ? उनि कस्ति छिन् र उनले के काम गरेकी छिन् ? पत्ता लगाई लेख्नुस्" भनिएको छ । जुन लैङ्गिक दृष्टिकोणले सान्दर्भिक रहेको ठहर अनुसन्धानकर्ताको छ । महिला त्यसमा पनि अपाङ्ग उनको बारेमा

पाठ्यपुस्तकमा समावेश गर्नु महिलाहरूलाई न्याय प्रदान गर्नु हो, उनको प्रतिभाको कदर गर्नु हो । जुन लैङ्गिक दृष्टिकोणले सान्दर्भिक छ । जसले छात्र छात्रामा सकारात्मक मानसिकताको विकास गराउँदछ ।

**परिच्छेद-पाँच**
**प्राप्ति, निष्कर्ष र सुझाव**

प्रस्तुत अध्ययन लैङ्गिक दृष्टिकोणबाट माध्यमिक तहको सामाजिक अध्ययन पाठ्यपुस्तकमा दिईएका चित्र, विषयवस्तु, संवाद र अभ्यासमा रहेका लैङ्गिक पक्षहरू सँग सम्बन्धित रहेको छ । अनुसन्धानकार्य सञ्चालन गर्ने क्रममा यो विषयको अनुसन्धानकर्ताले गहन अध्ययन गरेको थियो । साथै यस विषयसँग सरोकार राख्ने सरोकारवालाहरू, शिक्षक र विद्यार्थीहरू तथा अध्ययनसँग सम्बन्धित भएकाले महिला विज्ञहरूका लागि अनुसन्धानकर्ताले खुल्ला प्रश्नावली र समूह छलफल निर्देशिका सूची निर्माण गरेको थियो । नमुना छनोटमा परेका शिक्षकहरू र विज्ञहरूलाई खुल्ला प्रश्नावली वितरण गरी उनिहरूको धारणा सङ्कलन गरेको थियो । समूह छलफल निर्देशिका सूचीको माध्यमबाट छनोटमा परेका विद्यार्थीहरूको २ वटा समूह निर्माण गरी समूह छलफल सञ्चालन गराएको थियो । यसरी प्राप्त सूचनाहरू व्याख्या र विश्लेषण गरी अध्ययनबाट प्राप्त मुख्य तथ्यहरूलाई निम्नलिखित रूपमा उल्लेख गरिएको छ ।

**५.१ मुख्य प्राप्तिहरू**

यस अध्ययनबाट विभिन्न स्रोत तथा जानकारीको आधारमा निम्नलिखित तथ्यहरू प्राप्तिको रूपमा आएका छन् :

**(क) चित्र**

१. 'हामी, हाम्रो समूदाय र राष्ट्र' भन्ने पाठको चित्रमा विज्ञ शिक्षक र विद्यार्थीबाट लैङ्गिक विभेद रहेको प्रस्ट हुन जान्छ भन्ने देखिएको छ भने महिला विज्ञ 'A' ले र महिला शिक्षिका बाट कार्य विधिमा लैङ्गिक असमानता रहेको भन्ने प्रस्ट हुन्छ ।

२. 'दिगो विकास' भन्ने पाठको चित्रालाई म स्वयम्को पाठ्यपुस्तक अध्ययन, विभिन्न विज्ञ शिक्षक शिक्षिकाको र विद्यार्थीबाट आएको प्रतिक्रिया अनुसार महिला सहजकर्ता हुनु भनेको लैङ्गिक रूपमा सान्दर्भिक/समानता भएको र महिला मात्र सहभागी हुनु असान्दर्भिक/असमानता भएको भन्ने कुरा प्रस्ट हुन्छ ।

३. 'स्वास्थ्य' भन्ने पाठमा दिईएको चित्रमा सुचना सङ्कलनका लागि छानिएका सम्पूर्ण व्यक्तिहरूको प्रतिक्रिया तथा मेरो दस्तावेज अध्ययनबाट पनि लैङ्गिक विभेद हो भन्ने कुरा प्रस्ट भएको छ ।

४. 'हाम्रो रीतिरिवाज र परम्परा' भन्ने पाठमा भएका चित्रहरूमा अनुसन्धानकर्ता र सम्पूर्ण प्रतिक्रिया दाताहरूको अध्ययनबाट लैङ्गिक विभेद भएको प्रस्ट हुन्छ ।

५. 'नेपाली चित्रकला' पाठमा समावेश चित्र अनुसन्धानकर्ताले अध्ययन गर्दा लैङ्गिक समानता पाएको छ ।

६. 'नेपाली मुर्तिकला' भन्ने पाठको चित्रमा सबै प्रतिक्रिया दिने व्यक्तिहरूको प्रतिक्रिया र अनुसन्धानकर्ताले पाठ्यपुस्तक अध्ययन गर्दा लैङ्गिक असमानता नै रहेको भन्ने कुरा आएको थियो ।

७. 'सामाजिक समस्या र समाधान' भन्ने पाठको चित्रमा पनि सूचना सङ्कलनका लागि छानिएका सम्पूर्ण व्यक्ति तथा मेरो दस्तावेज अध्ययनबाट लैङ्गिक समानता हो भन्ने कुरा प्रस्ट भएको छ ।

८. 'सामाजिक सुधारमा राष्ट्रियस्तरका सङ्घसंस्थाहरू' भन्ने पाठको क्रियाकलाप ३ मा दिएको चित्रमा छनोटमा परेका सम्पूर्ण व्यक्तिहरूको प्रतिक्रिया र स्वयम् मेरो अध्ययनबाट लैङ्गिक समानता हो भन्ने कुरा प्रस्ट भएको छ ।

९. 'कृषि' भन्ने पाठको चित्रमा शिक्षक शिक्षिका, छात्रा, छात्रहरूको प्रतिक्रियाबाट लैङ्गिक विभेद नरहेको प्रस्ट हुन जान्छ भन्ने देखिएको छ भने महिलाविज्ञहरूले महिलालाई शारीरिक रूपमा कमजोर देखाईएको अर्थात लैङ्गिक रूपमा कार्यविधिमा असमानता रहेको भन्ने कुरा प्रस्ट हुन्छ ।

१०. 'दक्षजनशक्ति: आज र भोलि' भन्ने पाठमा सूचना सङ्कलनको लागि छानिएका सम्पूर्ण व्यक्ति तथा स्वयम् मेरो दस्तावेज अध्ययनबाट पनि लैङ्गिक विभेद हो भन्ने कुरा प्रस्ट भएको छ ।

११.	'शान्ति सुव्यवस्था' भन्ने पाठमा दिईएको चित्रमा सम्पूर्ण प्रतिक्रिया दाता तथा मेरो अध्ययनबाट लैङ्गिक असमानता भएको प्रस्ट भएको छ ।

१२.	'निर्वाचन प्रक्रिया' भन्ने पाठमा दिईएको चित्रमा पनि अनुसन्धानकर्ता तथा सम्पूर्ण प्रतिक्रिया दाताबाट लैङ्गिक समानता भएको प्रष्ट भएको छ ।

१३.	'निर्वाचनमा नागरिकको भूमिका' भन्ने पाठमा दिईएको चित्रको म स्वयंले अध्ययन गर्दा लैङ्गिक असमानता भएको प्रष्ट भएको छ ।

**(ख)	विषयवस्तु**

१.	'विधुत तथा सञ्चार' पाठमा भएको विषयवस्तुमा मेरो दस्तावेज अध्ययनबाट लैङ्गिक समानता रहेको छ भन्ने कुरा प्रस्ट भएको छ ।

२.	'नेपाली चित्रकला' पाठमा समावेश विषयवस्तुको अनुसन्धानकर्ताले अध्ययन गर्दा लैङ्गिक समानता पाएको छ ।

३.	'हाम्रा विभूतिहरूबाट राष्ट्रका लागि भएका योगदानहरू' पाठमा शिक्षक शिक्षिका विज्ञ र विद्यार्थीबाट आएको प्रतिक्रियाबाट लैङ्गिक समाता रहेको छ भन्ने प्रस्ट हुन्छ । तर अनुसन्धानकर्ताले केहि हदसम्म विभेद रहेको छ भन्ने प्रस्ट पारेको छ ।

४.	'नेपाली वीरङ्गनाहरूको योगदान' पाठको विषयवस्तुको मैले अध्ययन गर्दा लैङ्गिक विभेद भएको प्रष्ट भएको छ ।

५.	'विविधतामा एकता' पाठको विषयवस्तुमा मेरो दस्तावेज अध्ययनबाट लैङ्गिक विभेद हो भन्ने कुरा प्रस्ट भएको छ ।

६.	'विकासका निम्ति दक्ष जनशक्ति' पाठको विषयवस्तुमा मेरो दस्तावेज अध्ययनबाट लैङ्गिक विभेद हो भन्ने कुरा प्रस्ट भएको छ ।

७.	'अन्तराष्ट्रिय व्यक्तित्वहरू' पाठमा दिईएको विषयवस्तुको विज्ञ, शिक्षक शिक्षिका तथा विद्यार्थीहरू र म स्वयम्को अध्ययन बाट लैङ्गिक समानता भएको प्रस्ट हुन्छ ।

८.	'चेलिबेटी वेचविखन र देहव्यापार' पाठमा समावेश भएको विषयवस्तुको बारेमा मैले दस्तावेज अध्ययन गर्दा लैङ्गिक असमानता रहेको प्रस्ट भएको छ ।

**(ग)	संवाद**

१.	'नागरिक समाजको भूमिका' भन्ने पाठको संवादमा मेरो दस्तावेज अध्ययनबाट लैङ्गिक विभेद हो भन्ने कुरा प्रस्ट भएको छ ।

२.	'मानव अधिकार' भन्ने पाठमा समावेश भएको संवाद लैङ्गिकदृष्टिकोणले सान्दर्भिक भएको भन्ने सम्पूर्ण प्रतिक्रिया दाता बाट प्रस्ट हुन्छ भने अनुसन्धानकर्ताको स्वअध्ययनले लैङ्गिक विभेद भएको प्रस्ट पारेको छ ।

**(घ)	अभ्यास**

१.	'स्वास्थ्य' भन्ने पाठमा सूचना सङ्कलनका लागि छानिएका सम्पूर्ण व्यक्ति तथा मेरो दस्तावेज अध्ययनबाट पनि लैङ्गिक विभेद हो भन्ने कुरा प्रष्ट भएको छ ।

२.	'नेपाली वीरवीरङ्गनाहरूको योगदान' पाठमा समावेश गरिएको अभ्यासबारे मैले अध्ययन गर्दा लैङ्गिक विभेद भएको प्रष्ट भएको छ ।

३.	'अन्तर्राष्ट्रिय व्यक्तित्वहरू' पाठमा दिईएको अभ्यासको म स्वयम्को अध्ययनबाट लैङ्गिक समानता भएको प्रष्ट हुन्छ ।

**५.२.	निष्कर्ष**

प्रस्तुत लैङ्गिक दृष्टिकोणबाट मा.वि. तहको सामजिक अध्ययनको पाठ्यपुस्तक विश्लेषण  शिर्षकको अध्ययन बाट प्राप्त भएका निष्कर्षहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

विभिन्न क्षेत्रका सम्बन्धित व्यक्तिहरूको प्रतिक्रियाबाट र अनुसन्धानकर्ता स्वयम्को अध्ययनबाट अध्ययनको लागि कक्षा ९ र १० को सामाजिक पाठ्यपुस्तकबाट छानिएका २२ वाट पाठहरू मध्ये बाट ७ वाट पाठमा लैङ्गिक समानता र बाँकी १५ वटा पाठहरूमा लैङ्गिक विभेदको अस्था रहेको छ ।

२२ वटा भन्दा अरु बाँकी पाठहरूमा अनुसन्धानकर्ताले लैङ्गिक मुद्दा नभेटेकोले अध्ययनको लागि उक्त पाठहरूलाई लिईएको छैन् ।

यि पाठ्यपुस्तक भित्रको चित्र विषयवस्तु संवाद र अभ्यासाई आधार मानि लैङ्गिक समानता/विभेदको अवस्था हेर्दा धेरै भन्द धेरै पाठमा लैङ्गिक विभेद नै रहेको पाईएको छ।
संवादहरूमा महिलालाई सहभागि पात्रको रूपमा मात्र बनाएको पाईएको छ।
पितृसत्तात्मक सोचलाई बढी प्राथमिकता दिएर पाठ्यपुस्तक निर्माण गरेको हो भन्न सकिन्छ।
यि पाठ्यपुस्तक पुरुषविज्ञहरूबाट मात्र लेखिएको भेटिएको छ।

## ५.३ सुझावहरू

यस अध्ययनको सिलसिलामा अध्ययनकर्ताले प्राप्त गरेका प्राप्ति र निष्कर्षका आधारमा निम्नालिखित सुझावहरू प्रस्तुत गर्न सकिन्छ -

चित्र, विषयवस्तु, संवाद, अभ्यास लगायतमा समावेशी प्रतिनिधित्व भइदिएमा असल पाठ्यपुस्तक निर्माण हुने देखिन्छ।
लैङ्गिक विभेदलाई अन्त्य गर्ने खालका विषयवस्तुहरू पाठ्यपुस्तकभित्र समाविष्ट भएमा गुणस्तरीय पाठयपुस्तक बन्ने प्रवल सम्भावना देखिन्छ।
लैङ्गिक समानताका सन्देशमूलक चित्र, वादविवादहरू पाठ्यपुस्तकमा समावेश गर्नु पर्छ जसबाट छात्रा जागरण र छात्रा प्रोत्साहन होस् र लैङ्गिक विभेद शैक्षिक जगतबाट नै निर्मूल होस्।
लैङ्गिक विभेद अन्त्य गर्नका लागि शिक्षक, विद्यार्थी र समूदायवीच अन्तरक्रिया हुनु पर्दछ।
पाठ्यक्रम निर्माण प्रक्रियामा शिक्षक, विद्यार्थी र अभिभावहरूको भूमिकालाई सुनिश्चित गरिनु पर्दछ।
नेपाल सरकारबाट पाठ्यपुस्तकभित्र भएका लैङ्गिक विभेदलाई हटाउन विभिन्न कार्यक्रमहरू अगाडी सारेमा लैङ्गिक विभेद केही हदसम्म भए पनि नियन्त्रण हुनेछ।
नीतिगत तहदेखि कार्यान्वयनका तहसम्म लैङ्गिक चेतना ल्याउन प्रचारप्रासार शिक्षा र तालिमको संस्थागत व्यवस्था गरिनु पर्दछ।
पाठ्यपुस्तकमा लैङ्गिक विभेद हटाउनका लागि नयाँ धारणा, सोचाइ र अभ्यासको सृजना गर्नु पर्दछ साथै पाठ्यक्रमलाई सिकारु केन्द्रित र समाजकेन्द्रित बनाउनु पर्दछ।
पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण तथा लेखन गर्ने क्षेत्रमा महिला विज्ञहरूको उचित प्रतिनिधित्व भईदिएमा लैङ्गिक विभेदरहित पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण हुने देखिन्छ।

## सन्दर्भग्रन्थसूची


अधिकारी, विष्णुप्रसाद (२०६४), ***प्राविधिक सहायक दर्पण,*** काठमाडौं : आशिष बुक्स हाउस ।
अधिकारी, विष्णुप्रसाद (२०६६), ***माध्यमिक तह अध्यापन अनुमति पत्र परीक्षा दर्पण,*** काठमाडौं : मकालु पुस्तक भण्डार ।
अधिकारी, विष्णुप्रसाद, (सन् २०११), ***माध्यमिक शिक्षक दिग्दर्शन,*** काठमाडौं : आशिष बुक्स हाउस ।
कुँवर मिनबहादुर (२०६४), ***कक्षा-७ को सामाजिक शिक्षा पाठ्यपुस्तकको लैङ्गिक स्थिति,*** अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं ।
खनाल, पेशल (२०६६), ***शैक्षिक अनुसन्धान पद्धति,*** कीर्तिपुर : स्टुडेन्ट्स बुक्स एण्ड डिष्ट्रिव्युटर्स ।
जिल्ला शिक्षा कार्यालय (२०६६), ***शैक्षिक मञ्जरी,*** काठमाडौं ।
डिनको कार्यालय (२०६४), ***सामाजिक न्याय शिक्षा,*** त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय, कीर्तिपुर ।
पाठ्यक्रम विकास केन्द्र (२०५७), ***सामाजिक शिक्षाको पाठ्यक्रम,*** सानोठिमी, भक्तपुर ।
____________, (२०६३), ***राष्ट्रिय पाठ्यक्रम प्रारुप,*** सानोठिमी, भक्तपुर ।
पौडेल, तुलसीराम (२०६०), ***समाजका नमुनाहरू,*** काठमाडौं : निमा पुस्तक भण्डार ।
थापा, रेणु (२००७), ***कक्षाकोठामा लैङ्गिक विभेद,*** अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं ।
भट्ट, भीमदेव, श्रीमति शशि भट्ट (२०६५), ***कर्मचारी प्रशासन,*** अमेरिका : नर्थ क्यारोलाइना ।
लुइँटेल, समीरा (१९९७), ***शिक्षामा महिला,*** काठमाडौं : सेरिड ।
शिक्षा विभाग (२०६५), ***लैङ्गिक समविकास शिक्षा,*** सानोठिमी, भक्तपुर ।
____________, (२०६६), ***लैङ्गिक समविकास शिक्षा,*** सानोठिमी, भक्तपुर ।
शर्मा, गोपीनाथ (२०६६), ***नेपालका शिक्षा आयोगका प्रतिवेदनहरू,*** डिल्लीबजार, काठमाडौं : मकालु प्रकाशन गृह ।
उपाध्याय, श्रीरामप्रसाद, क्रिस्टिन स्टोन (२०६४), ***सामाजिक अध्ययन,*** सानोठिमि, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।
उपाध्याय, श्रीरामप्रसाद, नारायणप्रसाद शर्मा, क्रिस्टिन स्टोन (२०६६), ***सामाजिक अध्ययन,*** सानोठिमि, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।
Agrawal J.C. (2008), ***Teaching of Social Studies***, India Publication House.
Beaurour, Simon de. ***The Second Sex***, Trans and Ed. H.M Parshily London : Pan Books, 1994.
Bhasin, Kamal (1998), *Education for Women in Nepal*. New Delhi : Adult Educaiton Development.
DOE (2007). *A Strategic Implemen[illegible] Plant for Gender Equality in Girls Education*, Sanothimi, Bhaktapur : The Government of Nepal, Ministry of Education and Sports, Department of Education.
*Hand Book for Social Studies* (1967) (3rd ed.), Holt, Rinchart & winston, Inc. New York.
Hurhes Christina (1993), ***Key Concept of Feminist Theory and Research***, SAGE Publication Ltd. 6 Bonhill Street London EC2A 4PU.
MSBTPCR (1976), ***The Position of Women in School texbooks***, Pune.
Rastogi, K.G (1979). ***Project on Evaluation of Mahendramala Seris 1-5***, Unpublished Working Report, Kathmandu : CERID.

## अनुसूची -१

**महिला विज्ञ**

| क्र.सं. | महिल विज्ञ | शैक्षिक योग्यता | कार्यरत संस्था |
|---|---|---|---|
| १ | विमला तुम्खेवा 'A' | एम.ए./बी.एल | जागृति नेपाल |
| २ | कला राई 'B' | एम.ए. | सञ्चारिका समूह |

## अनुसूची -२

**शिक्षक/शिक्षिका**

| क्र. स. | शिक्षक शिक्षिका | शैक्षिक योग्यता | कार्यरत संस्था |
|---|---|---|---|
| १ | शंकर अधिकारी | एम्. ए./वि.एड. | श्री त्यौड मा.वि., काठमाण्डौं |
| २ | सावित्रा भट्टराई | वि. एड. | श्री पद्ममोदय उ.मा.वि., काठमाण्डौं |

## अनुसूची -३

**विद्यार्थी**

| क्र.स. | विद्यार्थीको नाम | कक्षा | विद्यालय |
|---|---|---|---|
| १ | प्रकाश अवस्ती | ९ | श्री पद्ममोदय उ.मा. वि. |
| २ | प्रज्वल आचार्य | ९ | श्री पद्ममोदय उ.मा. वि. |
| ३ | पुजा गुरुङ्ग | ९ | श्री पद्ममोदय उ.मा. वि. |
| ४ | रवी रौनियार | १० | श्री पद्ममोदय उ.मा. वि. |
| ५ | सञ्जु के. सी. | १० | श्री पद्ममोदय उ.मा. वि. |
| ६ | अस्मीता श्रेष्ठ | १० | श्री पद्ममोदय उ.मा. वि. |
| ७ | रोशन देउला | ९ | श्री त्यौड मा.वि. |
| ८ | आयुसा महर्जन | ९ | श्री त्यौड मा.वि. |
| ९ | एञ्जिना महर्जन | ९ | श्री त्यौड मा.वि. |
| १० | विक्रम थापा | १० | श्री त्यौड मा.वि. |
| ११ | कविता महर्जन | १० | श्री त्यौड मा.वि. |
| १२ | सविता महर्जन | १० | श्री त्यौड मा.वि. |

# अनुसूची –४

शिक्षक/विशेषज्ञ महोदय, माध्यमिक तहको सामाजिक शिक्षा पाठ्युस्तक लैङ्गिक दृष्टिकोणबाट कतिको सान्दर्भिक छ भन्ने विषयमा अनुसन्धानका लागि तपाईको धारणा बुझ्न उत्तरदाताको रुपमा छनोट गरेकी छु । कृपया निम्नप्रश्नहरूको उत्तर दिई अनुसन्धान कार्यमा सहयोग गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु :

**शिक्षक /विशेषज्ञः** ....................................................

**ठेगाना :** ....................................................

**शैक्षिक योग्यता :** ....................................................

**कार्यरत संस्थाः** ....................................................

**कक्षा ९को सामाजिक अध्ययन पाठ्यपुस्तक संग सम्बन्धित प्रश्नहरू –**

१. 'हामी, हाम्रो समुदाय र राष्ट्र 'भन्ने पाठमा दिईएको चित्रमा लैङ्गिक समानताको अवस्था कस्तो छ ? उक्त चित्रलाई लैङ्गिक रुपमा प्रष्ट पारिदिनुहोला ।

........................................................................................................

२. 'दिगो विकास' पाठमा दिईएको चित्रमा महिला सहजकर्ताको व्यवस्था भएको देखाउनु, महिलाहरूलाई मात्र सहभागिको रूपमा प्रस्तुत भएको देखाउनु लैङ्गिक दृष्टिकोणले कतिको सान्दर्भिक छ ?

........................................................................................................

३. 'स्वस्थ्य' भन्ने पाठमा दिईएको चित्रमा डाक्टर पुरुष भएको र वच्चा महिलाले वोकेको देखाउनु लैङ्गिक दृष्टिकोणले कतिको सान्दर्भिक रहेको छ ?

........................................................................................................

४. 'हाम्रो रीतिरिवाज र परम्परा' पाठमा प्रस्तुत गरिएको चित्र र विषयवस्तुले लैङ्गिक समानता/विभेद के देखाईरहेको छ ? प्रस्ट पारिदिनु होला ?

........................................................................................................

५. 'नेपाली मूर्तिकला' पाठमा विरुपाक्ष र वुढानिलकण्ठको मूर्तिकोमात्र चित्रहरू प्रस्तुत गर्नुलाई कसरी हेर्नु हुन्छ ?

........................................................................................................

६. 'हाम्रा विभूतिहरूबाट राष्ट्रका लागि भएको योगदानहरू' पाठमा दुईजना मात्र महिला विभूतिहरूलाई प्रस्तुत गर्नुले लैङ्गिक समानता असमानतालाई कसरी देखाउन खोजिएको छ ? प्रस्ट पारिदिनु होला ।

........................................................................................................

७. 'सामाजिक समस्या र समाधान ' पाठमा दिईएको चित्रमा लैङ्गिक अवस्था कस्तो छ ? प्रस्ट पारिदिनुहोला ।

........................................................................................................

८. 'सामाजिक सुधारमा राष्ट्रियस्तरका सङ्घसंस्थाहरू' शीर्षकको पाठको क्रियाकलाप ३ मा दिईएको चित्रले लैङ्गिक पक्षलाई कसरी प्रस्तुत गरेको छ ?

..........................................................................................................

९. 'कृषि ' भन्ने पाठमा दिईएको चित्रमा लैङ्गिक समानताको अवस्था कस्तो छ ? उक्त चित्रलाई लैङ्गिक रुपमा प्रस्ट पारिदिनुहोला ।

..........................................................................................................

**कक्षा १० को सामाजिक अध्ययन पाठ्यपुस्तक संग सम्बन्धित प्रश्नहरू**

१. 'दक्ष जनशक्ति आज र भोलि' पाठमा समावेश गरिएको उदाहरणबाट लैङ्गिक अवस्थालाई कसरी प्रस्तुत गर्न खोजिएको छ ? प्रस्ट पारिदिनुहोला ।

..........................................................................................................

२. 'शान्ति सुव्यवस्था ' भन्ने पाठमा प्रस्तुत चित्र लैङ्गिक रुपबाट हेर्दा सान्दर्भिक छ की छैन ?

..........................................................................................................

३. 'अन्तराष्ट्रिय व्यक्तित्वहरू' पाठमा समावेश भएको चित्र र विषयवस्तु लैङ्गिक दृष्टिकोणले कतिको सान्दभिक रहेको छ ? प्रस्ट पारिदिनुहोला ।

..........................................................................................................

४. 'निर्वाचन प्रक्रिया ' पाठमा मतदान प्रक्रिया भनी दिइएको चित्रमा लैङ्गिक स्थितिलाई कसरी प्रस्तुत गरिरहेको छ ?

..........................................................................................................

५. 'मानव अधिकार ' पाठमा समावेश भएका पात्रहरू र विषयवस्तु लैङ्गिक दृष्टिकोणले कतिको सान्दर्भिक रहेका छन् ?

..........................................................................................................

**सहयोगको लागि धन्यवाद !**

## अनुसूची –५

माध्यमिक तहका विद्यार्थीहरूका लागि लक्षित समूह छलफल गर्न निर्माण गरिएको लक्षित समूह छलफल निर्देशिका -

१. 'हामी , हाम्रो समुदाय र राष्ट्र' भन्ने पाठमा दिईएको चित्रलाई केटा र केटीको पक्षबाट हेर्दा कति सान्दर्भिक छ ? यदि छैन भने कसरी ?

.............................................................................................................

२. तिमिहरूको विचारमा दिगो विकास पाठमा समावेश गरिएको चित्र पुरुष र महिलाको पक्षबाट हेर्दा कतिको सान्दर्भिक छ ?

.............................................................................................................

३. तिमिहरूको विचारमा 'स्वास्थ्य भन्ने पाठमा भएको चित्रलाई पुरुष र महिलाको पक्षबाट हेर्दा सान्दर्भिक छ की छैन ?

.............................................................................................................

४. तिमिहरूको विचारमा 'हाम्रो रितिरिवाज र परम्परा ' पाठमा समावेश गरिएको चित्र केटा र केटीको पक्षबाट हेर्दा कस्तो लाग्छ ?

.............................................................................................................

५. 'नेपाली मूर्तिकला 'पाठमा पुरुष मूर्तिहरूको चित्र मात्र प्रस्तुत गर्नु के सान्दर्भिक छ ? यसले महिलालाई कुन रुपमा प्रस्तुत गरेको छ ?

.............................................................................................................

६. केटा र केटीको पक्षबाट हेर्दा 'हाम्रा विभूतिहरूबाट राष्ट्रका लागि भएको योगदानहरू पाठमा दुईजना मात्र महिला विभूतिहरू प्रस्तुत गर्नु तिमिहरूको विचारमा सान्दर्भिक छ ?

.............................................................................................................

७. 'सामाजिक समस्या र समाधान' पाठमा दिईएको चित्रले केटा र केटीलाई समान व्यवहार गरेको छ ?

.............................................................................................................

८. तिमीहरूको विचारमा 'सामाजिक सुधारमा राष्ट्रियस्तरका सङ्घसंस्थाहरू' पाठमा समावेश गरेको चित्र केटा र केटीको पक्षबाट हेर्दा कतिको सान्दर्भिक छ ?

.............................................................................................................

९. तिमीहरूको विचारमा 'कृषि' पाठमा समावेश गरेको चित्रमा महिला र पुरुषलाई कुन रुपामा प्रस्तुत गर्न खोजिएको छ ?

.............................................................................................................

१०. ‘दक्ष जाशक्ति : आज र भोलि’ पाठमा समाबेश गरिएको चित्रलाई केटा र केटीको पक्षबाट हेर्दा सान्दर्भिक छ ? यदि छैन भने किन छैन ?

.........................................................................................................

११. तिमीहरूको विचारमा ‘शान्ति सुव्यवस्था’ पाठमा भएको चित्रले महिला र पुरुषलाई समान प्रतिनिधित्व गरेको छ ?

.........................................................................................................

१२. तिमीहरूको विचारमा ‘अन्तराष्ट्रिय व्यक्तित्वहरू’ पाठमा समावेश चित्र र विषयवस्तुाई लैङ्गिक पक्षबाट हेर्दा सान्दर्भिक छ की छैन ? यदि छैन भने कसरी ?

.........................................................................................................

१३. तिमीहरूको विचारमा ‘निर्वाचन प्रक्रिया ’ पाठमा प्रस्तु चित्र केटा र केटीको पक्षबाट हेर्दा कतिको सान्दर्भिक छ ?

.........................................................................................................

१४. ‘मानव अधिकार’ पाठमा समावेश भएका पात्र र विषयवस्तुले केटा र केटी दुवैलाई समेटेको छ ? अथवा यो विषयवस्तु केटा र केटीको पक्षबाट हेर्दा सान्दर्भिक छ ?

.........................................................................................................

धन्यवाद !